**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

महागढीमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:१ संख्या: ७ मितिः २०८२/०२/२१

प्रमाणिकरण मिति:२०८१।०९।१५


भाग-२

महागढीमाई नगरपालिका






## (कक्षा १-५)





प्रकाशक

महागढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बरियारपुर, बारा

मधेस प्रदेश, नेपाल

# (कक्षा १-५)

आर्थिक तथा प्राविधिक सहयोग

महागढीमाई नगरपालिका

भीएसओ नेपाल

युके इन्टरनेसनल डेभलपमेन्ट

जनजागरण युवा क्लब, बारा

## सहजीकरण/लेखन/सम्पादन

देवीदत्त पौडेल

रोस्टर विज्ञ, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

## प्रकाशक

महागढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरियारपुर, बारा
मधेस प्रदेश, नेपाल

महागढीमाई नगर कार्यपालिकाको मिति २०८१/ / गतेको निर्णयबाट स्वीकृत
**'हाम्रो महागढीमाई'** स्थानीय पाठ्यक्रम २०८१

## संरक्षक

उपेन्द्र प्रसाद यादव (नगर प्रमुख)

तारा देवी कानु (नगर उपप्रमुख)

विजय प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत)

## कार्यपालिका सदस्यहरू

मनोज कुमार गुप्ता, विश्वनाथ प्रसाद कुशवाहा, उपेन्द्र प्रसाद जयसवाल, मनोज कुमार, गजेन्द्र कुमार जयसवाल, गेना राउत अहिर, शिवप्रताप सिंह, वोहाब अंसारी, दिलिप शुक्ला, चन्दन कुमार साह, अरविन्द बंठा, जयलाल प्रसाद कानु, मनोज साह कलवार, महेश जैसवाल, पशपतिया देवी कुम्हिन, शिव कुमारी देवी, गीता देवी चौरसिया, रूप कली देवी, अञ्जली कुमारी

## कार्यक्रम संयोजन

भैयाराम यादव (अध्यक्ष, जनजागरण युवा क्लब, बारा)

महागढीमाई नगरपालिका

## नगर शिक्षा समिति

उपेन्द्र यादव (संयोजक), सदस्यहरू : विजय प्रसाद कुशवाहा, अरबिन्द बण्ठा, गीता देवी चौरसिया, प्रदोश कुमार सिंह, अगद पाण्डये, परमहंश यादव, के.एस. फिगिसन, राम विश्वास प्रसाद चौरासिया (सदस्य सचिव), कलिकानन्द ठाकुर (शिक्षा सल्लाहकार)

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

परमहंस यादव, कालिकानन्द ठाकुर, अंगद पाण्डेय, प्रदोश कुमार सिंह, रामविश्वास प्रसाद चौरासिया

## समन्वय तथा सहजीकरण

मनोज यादव, कौशल किशोर शाह, श्रीनिवास बैठा, सियाराम यादव, निशा पन्त

सर्वाधिकार © महागढीमाई नगरपालिका

# हाम्रो भनाइ

मौलिक ज्ञान, सिप, परम्परा, संस्कार, संस्कृति तथा स्थानीय शिक्षालाई निरन्तरता दिई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् स्तरीय बनाउने अभिप्रायले पाठ्यक्रममा स्थानीय जनप्रतिनिधि, सेवाप्रदायक कर्मचारी, शिक्षक, अभिभावक र बुद्धिजीवीबाट रायसुझाव सङ्कलन तथा सोका आधारमा महागढीमाई नगरपालिकाको **हाम्रो महागढीमाई** नामक स्थानीय पाठ्यक्रम विकास गरिएको हो । पाठ्यक्रमलाई शिक्षणसिकाइ प्रक्रियाको मूल आधार मानी यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले स्थानीय पाठ्यक्रम समसामयिक परिवेश अनुकूल हुने अपेक्षाका साथ विकास गरिएको हो । यस पाठ्यक्रममा बालबालिकाले जान्नुपर्ने र सिक्नुपर्ने स्थानीय विषय र सन्दर्भहरूका बारेमा स्थानीय सरोकारवालाका सुझावहरू, कार्यशाला गोष्ठी आदिबाट प्राप्त पृष्ठपोषणसमेतका आाधारमा विषयगत क्रमबद्धतासमेतलाई विशेष ध्यान पुऱ्याइएको छ ।

स्थानीय विषयको पाठ्यक्रममा महागढीमाई नगरपालिकाको परिचय, स्थानीय सामाजिक सांस्कृतिक सम्पदा, प्राकृतिक सम्पदा, स्थानीयका विषयवस्तुका सैद्धान्तिक तथा प्रयोगात्मक पक्षको सिकाइ गर्न विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रक्रियालाई विशेष रूपमा जोड दिइएको छ । यस कार्य तथा विधि तथा प्रक्रियाबाट निर्धारित विषयवस्तुका आधारमा प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइ र महागढीमाई नगरपालिकाको यस पाठ्यक्रमले ज्ञान पक्षभन्दा पनि सिप तथा अभिवृत्तिमा जोड दिई विषयको अध्ययनलाई व्यावहारिक र प्रयोगात्मक बनाउने प्रयास गरेको छ । यसर्थ **हाम्रो महागढीमाई** नामक महागढीमाई नगरपालिकाको स्थानीय विषयको यो पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कन बिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रम विकासका क्रममा सहजीकरण, लेखन तथा सम्पादन कार्यमा विशेष योगदान पुऱ्याउनुहुने पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरका रोस्टर विज्ञ श्री देवीदत्त पौडेलज्यूप्रति विशेष आभार व्यक्त गर्दछौँ । यस कार्यमा स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, नगरपालिकाका कर्मचारीहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको

विशेष भूमिका रहेको छ । **'हाम्रो महागढीमाई'** नामक पाठ्यक्रम विकासका लागि आर्थिक तथा प्राविधिक सहयोगका लागि विशेष भूमिका निर्वाह गर्ने जनजागरण युवा क्लबका श्रद्धेय अध्यक्ष श्री भैयाराम यादवप्रति विशेष आभार प्रकट गर्दछौं । यसका साथै पाठ्यक्रम विकासका लागि सबै प्रकारका सहयोग र समन्वय गर्ने जनजागरण युवा क्लब बारा, भिएसओ नेपाल तथा युके इन्टरनेसनल डेभलपमेन्टअन्तर्गतको ACTIVE परियोजनासम्बद्ध सबैको विशेष भूमिका रहेको छ । साथै, पाठ्यक्रम सुधारको कार्य निरन्तर प्रक्रिया भएकाले यस पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूको अहम् भूमिका रहने हुँदा महागढीमाई नगरपालिका सम्बद्ध सबैबाट रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

उपेन्द्र प्रसाद यादव

प्रमुख, नगर कार्यपालिका

# हाम्रो भनाइ

स्थानीय आवश्यकता, महत्त्व र औचित्यलाई प्रमुख आधार मानेर तयार पारिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य स्थानीय स्तरमा रहेका ज्ञान, सिप र प्रविधिको संरक्षण गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुर्‍याउनु  हो । स्थानीय पाठ्यक्रमले विशेष गरी स्थान विशेषका पहिचान, संस्कार, वातावरण, सभ्यता, जीवनशैली, पेसा, व्यवसाय आदिलाई समेटेको हुन्छ । यिनै विविध पक्षलाई मध्यनजर गर्दै महागढीमाई नगरपालिकाले स्थानीय पाठ्यक्रम २०८१ निर्माण गरेको छ । यो स्थानीय पाठ्यक्रम आधारभूत तह कक्षा १-८ का लागि तयार पारिएको हो ।

पाठ्यक्रमको मौजुदा व्यवस्थाअनुसार आधारभूत तह कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टा समय निर्धारण गरिएको छ । कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ पाठ्यघण्टा समय निर्धारण गरिएको छ । आधारभूत तह कक्षा १-३ का लागि अन्तरविषयक बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत ढाँचामा पाठ्यक्रम तयार पारिएको छ । कक्षा ४-८ को पाठ्यक्रम विषयगत प्रकृतिको छ । मूलतः यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७५), स्थानीय पाठ्यक्रम प्रारूप (२०७१) तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यावयन मार्गदर्शन (२०७६) मा आधारित छ ।

यो स्थानीय पाठ्यक्रम तयार पार्ने कार्यमा महागढीमाई नगर कार्यपालिकाका प्रमुख श्री उपेन्द्र प्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत श्री विजय प्रसाद कुशवाहा, नगर शिक्षा प्रमुख श्री राम विश्वास प्रसाद चौरासिया, वडा अध्यक्षहरू मनोज कुमार गुप्ता, विश्वनाथ प्रसाद कुशवाहा, उपेन्द्र प्रसाद जयसवाल, मनोज कुमार, गजेन्द्र कुमार जयसवाल, गेना राउत अहिर, शिवप्रताप सिंह, वोहाब अंसारी, दिलिप शुक्ला, चन्दन कुमार साह, अरविन्द बंठाको विशेष योगदान रहेको छ । महागढीमाई नगरपालिकाका प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, पूर्वशिक्षकहरूको सक्रियतामा यो पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रम निर्माण तथा विकासका लागि जनजागरण युवा क्लबका तर्फबाट संयोजन र सहजीकरण गर्ने श्री मनोज यादव, कौशल किशोर शाह, निशा पन्त, श्रीनिवास बैठा, सियाराम यादवप्रति कृतज्ञ छौं ।

सिकाइ सहजीकरणका क्रममा सिकाइलाई जीवन्त बनाउने शिक्षण विधि र प्रक्रिया  अपनाउन विषयवस्तुको प्रकृतिलाई ध्यान दिनुपर्छ । प्रश्नोत्तर, छलफल, परियोजना कार्य, स्थलगत भ्रमण आदि क्रियाकलापले विद्यार्थीलाई गरेर सिक्ने अवसर

प्रदान गर्ने भएकाले यसप्रति लक्षित भई पाठ्यपुस्तक निर्माण गर्ने हुने विश्वास गरिएको छ । पाठ्यक्रमलाई परिष्कृत तथा व्यवस्थित पार्नका लागि स्थानीय सरकार, अभिभावक, सरोकारवाला, शिक्षक, विद्यार्थी एवम् विद्वान् वर्गको रचनात्मक सुझावका लागि हार्दिक अनुरोध गरिन्छ ।

तारा देवी कानु

उपप्रमुख, नगर कार्यपालिका

# दुई शब्द

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षालाई समाजवाद उन्मुख बनाउने ध्येय लिएको छ । शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउनु अपरिहार्य हुन्छ । यसका लागि स्थानीय सरकारको भूमिका अग्रणी हुन्छ । स्थानीय सरकारले विद्यालय तहको आधारभूत तहसम्मका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पार्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । सोही नीतिगत प्रावधानका आधारमा यो पाठ्यक्रम तयार पारिएको हो ।

स्थानीय पाठ्यक्रमका माध्यमबाट स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षण गर्नु अपरिहार्य हुन्छ । स्थानीय पाठ्यक्रमको यही मर्म र भावनामा आधारित नगरपालिकाको पर्यावरणीय, धार्मिक , सांस्कृतिक, पेसागत, आर्थिक, सामाजिक जस्ता विविध पक्षमा केन्द्रित रही महागढीमाई नगरपालिकाले स्थानीय पाठ्यक्रम २०८१ निर्माण गरेको छ । विशेषतः यो स्थानीय पाठ्यक्रम आधारभूत तह कक्षा १ देखि कक्षा ५ सम्मको लागि तयार पारिएको हो ।

यस पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, समावेशीता, सहभागिता, जनअपेक्षा स्थानीयता आदिलाई पूर्ण रूपमा समेटेको छ । यसले समसामयिक, सान्दर्भिक, लचिलो, खुला तथा सन्तुलित लोकतान्त्रिक र स्थानीय मूल्यमान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्राविधिको संरक्षण र सम्बर्धनमा सहयोग पुऱ्याउनुका साथै नयाँ पुस्तामा हस्तान्तरणमा योगदान पुऱ्याउने आशा लिइएको छ । यसबाट शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, संस्थागत विकास हुने, समुदाय र विद्यालय बिचको सम्बन्ध सुमधुर हुने तथा अभिभावकले समेत पाठ्यक्रम निर्माण, कार्यान्वयनमा चासो राख्ने सकारात्मक परिस्थिति बन्ने छ ।

स्थानीय निकायबाट पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन र मूल्याङ्कनसम्मका कार्यमा चासो राख्ने तथा यस कार्यमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता अभिवृद्धि हुने अपेक्षा गरेको छौँ । पाठ्यक्रम विकासका लागि सहजीकरण गर्ने नगर प्रमुख, उपप्रमुख, नगर कार्यपालिका सदस्य, शिक्षा समिति, पाठ्यक्रम विकास कार्यदल, पाठ्यक्रम विज्ञ, जनजागरण युवा क्लब, भिएसओ नेपाललगायत सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । अन्त्यमा यस पाठ्यक्रमका सन्दर्भमा परिमार्जनका लागि अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्वत्वर्गबाट आवश्यक रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछौँ ।

विजय प्रसाद कुशवाहा

प्रमुख प्रशासकीय अधिकृत

# दुई शब्द

शिक्षा मानव जीवनको उज्यालो प्रकाश हो । बालबालिकाको सर्वाङ्गीण विकास गरी दैनिकीलाई सुखमय बनाउनका लागि शिक्षा प्राप्त गर्न विद्यालय शिक्षाले महत्त्वपूर्ण सहयोग गर्दछ । यसका लागि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण रहन्छ । पाठ्यक्रम निर्माण गर्दा सिकारु, समाज, राष्ट« र अन्तर्राष्टि«य परिवेशको आवश्यकता, तात्कालीन समस्या र सिकारुको चाहना समेट्न सकिने गरी तयार गरिएको छ । यस पाठ्यक्रमले विद्यार्थीलाई ज्ञान, सिप, धारणा, सामाजिक मूल्य मान्यता र जीवनयापका क्रममा आउने समस्या समाधान गर्ने सिप प्रदान गर्ने छ भन्ने अपेक्षा राखिएको छ ।

यस हाम्रो महागढीमाई स्थानीय पाठ्यक्रममा यस नगरपालिकाभित्रका पहिचानलाई समावेश गरिएको छ । पाठ्यक्रमको परिचयात्मक अवधारणा, स्थानीय पाठ्यक्रम निर्माणका आधारहरू, सिकाइ सक्षमता, स्थानीय विषयवस्तु समेटिएको विषयक्षेत्र र त्यसको विस्तृतीकरण, सहजीकरणका उपायहरू र मूल्याङ्कनलाई पाठ्यक्रमभित्र समेटिएको छ । कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको छ । मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कनका रूपमा विकास गरिएको छ । कक्षा ४ र ५ को पाठ्यक्रम विषयगत रूपमा तयार पारिएको छ ।

यस पाठ्यक्रम विकासका क्रममा आर्थिक तथा प्राविधिक सहयोग गर्ने संस्थाहरूप्रति आभार प्रकट गर्दछौँ । जनजागरण युवा क्लबको विशेष सहयोग तथा समन्वयमा पाठ्यक्रम विकास हुन सकेकामा यस संस्थाप्रति विशेष आभार व्यक्त गर्दछौँ । सहजीकरण गर्नु हुने विज्ञ देवीदत्त पौडेल, पाठ्यक्रम निर्माण कार्यदलमा रहेर अहोरात्र खट्नुहुने श्री परमहंस यादव, श्री कालिकानन्द ठाकुर, श्री अंगद पाण्डेय, श्री प्रदोश कुमार सिंहप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ । पाठ्यक्रम विकासका क्रममा सहयोग गर्ने नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समिति, कार्यशालामा सहभागी सम्पूर्ण आदरणीय व्यक्तित्वप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

राम विश्वास प्रसाद चौरासिया
शिक्षा शाखा प्रमुख

# विषय सूची

| परिच्छेद | सङ्ख्या | विवरण | पृष्ठ |
|---|---|---|---|
| परिच्छेद | १ | परिचय (पृष्ठभूमि, परिचय, औचित्य, आधार, संरचना) | ८ |
| परिच्छेद | २ | तहगत सक्षमता, विषयक्षेत्र, पाठ्यभार | १४ |
| परिच्छेद | ३ | स्थानीय पाठ्यक्रम (कक्षा १) | १७ |
| परिच्छेद | ४ | स्थानीय पाठ्यक्रम (कक्षा २) | २३ |
| परिच्छेद | ५ | स्थानीय पाठ्यक्रम (कक्षा ३) | ३१ |
| परिच्छेद | ६ | सिकाइ सहजीकरण प्रक्रिया (कक्षा १-३) | ४० |

महागढीमाई नगरपालिका

| | | | |
|---|---|---|---|
| परिच्छेद | ७ | विद्यार्थी मूल्याङ्कन (कक्षा १-३) | ४६ |
| परिच्छेद | ८ | स्थानीय पाठ्यक्रम (कक्षा ४) | ५१ |
| परिच्छेद | ९ | स्थानीय पाठ्यक्रम (कक्षा ५) | ५९ |
| परिच्छेद | १० | सिकाइ सहजीकरण प्रक्रिया (कक्षा ४ र ५) | ६७ |
| परिच्छेद | ११ | विद्यार्थी मूल्याङ्कन (कक्षा ४ र ५) | ७१ |
| परिच्छेद | १२ | पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | ७१ |
| परिच्छेद | १३ | समय निर्धारण | ७२ |
| परिच्छेद | १४ | पाठ्यक्रम परिमार्जन | ७२ |
| | सन्दर्भ ग्रन्थ सूची | | ७३ |
| अनुसूची १ | १.१ | विद्यार्थी मूल्याङ्कन अभिलेख (कक्षा १-३) | ७४ |
| | १.२ | विशिष्टीकरण तालिका (कक्षा ४-५) | ८५ |
| अनुसूची २ | २.१ | सुझाव सङ्कलन फारम | ८७ |
| | २.२ | कार्यशालामा सहभागी तथा तस्बिरहरू | ८८ |
| | २.३ | बारा जिल्ला तथा महागढीमाई नगरपालिकाको नक्सा | ८९ |


# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक देश हो । प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, जातीय, भाषिक विविधता रहेको सन्दर्भमा पाठ्यक्रमको स्थानीयकरण एउटा महत्वपूर्ण पक्ष हो । शिक्षाको सान्दर्भिकताले स्थानीय ज्ञान, स्थानीय संस्कृति, कला, साहित्य भाषा, चाडपर्व जस्ता पक्षहरूलाई समेत समेटेको हुन्छ । समाजको माग, सिकारुको आवश्यकता, रुचि, स्थानीय परिवेशलगायतका विषयवस्तुलाई पाठ्यक्रममा समाविष्ट गरी निर्माण गरिने पाठ्यक्रमले शिक्षाको गुणस्तर र सान्दर्भिकता वृद्धिमा सहयोग पुग्छ ।

स्थानीय ज्ञान, सिप, प्रविधि, स्थानीय कला, भाषा, धर्म जस्ता विषयहरूले व्यक्तिलाई स्थानीय पहिचान मात्र नगराई स्थानीय अपनत्वको अनुभूति बढाउँछ । पाठ्यक्रम निर्माणमा स्थानीय सहभागिताले विद्यालयप्रति र पाठ्यक्रमको कार्यान्वयप्रति नै समुदायको सहभागितालाई बढाउन सहयोग पुग्छ । समुदायको सहभागिता बढ्दै जाँदा समग्रमा विद्यालयप्रति नै समुदायको अपनत्व बढ्न गई त्यसले समग्र शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाइमा सकारात्मक प्रभाव पर्न सक्छ ।

शिक्षकहरू पाठ्यक्रम निर्माता हुन् । समुदाय ज्ञान र सिपको स्रोत हुन् । विद्यार्थी स्वयम्ले स्थानीय ज्ञानको खोजी र निर्माण

गर्न सक्छन् भन्ने अवधारणा यससँग जोडिएको हुन्छ । स्थानीय ज्ञान, सिप र प्रविधिलाई अन्तरविषयक तथा बहुविषयक विषयवस्तुका रूपमा पठनपाठन गर्न पनि सकिन्छ । अलग्गै विषयको रूपमा नभई विभिन्न विषयमा एकीकृत गरी गरिने शिक्षणले यसको प्रभावकारिता बढाउने भए पनि विषयगत रूपमा यस्ता विषयवस्तुलाई एकीकृत विधिमा देखापर्ने चुनौतिका कारण यसलाई अलग्गै विषयकै रूपमा विकास गरी शिक्षण गर्ने कार्यको थालनी भएको छ ।

राष्टि«य पाठ्यक्रमबाट स्थानीय विविधताको सम्बोधन गर्न र स्थानीय ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रममा समाविष्ट गर्न सम्भव हुँदैन । यसैगरी शिक्षाका स्थानीय सरोकारवालाको सहभागिता पनि हुन नसक्ने अवस्था हुन्छ । हरेका शिक्षकलाई पाठ्यक्रम निर्माणका रूपमा र हरेका स्थानीय समुदायलाई ज्ञान, सिप र प्रविधिको स्रोतका रूपमा पहिचान दिन पनि स्थानीय पाठ्यक्रमले सहयोग पुग्छ । यी विभिन्न सन्दर्भ र परिवेशमा नेपालमा राष्टि«य शिक्षा योजना आयोगको प्रतिवेदन २०४९ ले स्थानीय पाठ्यवस्तुलाई शिक्षण सिकाइमा समावेश गर्न सिफारिस गरेको थियो । यसैगरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ तथा २०६४ र राष्टि«य पाठ्यक्रम प्रारूप २०६३ ले स्थानीय विषय र स्थानीय पाठ्यवस्तुको अंश निर्धारण गरेको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास योजना, नेपालको संविधान, राष्टि«य पाठ्यक्रम प्रारूप २०७६ जस्ता विद्यालय शिक्षाका दस्तावेजहरूले स्थानीय पाठ्यक्रमको महत्व, आवश्यकता र सान्दर्भिकता तथा यसको निर्माण र प्रयोगमा जोड दिएको अवस्था छ ।

स्थानीय विषयवस्तुलाई समावेश गरी पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश २ अन्तर्गत बारा जिल्लाको महागढीमाई  नगरपालिका क्षेत्रका विभिन्न विषयलाई सङ्कलन गरी ती विषयहरूलाई समेटी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने सुरुवात गरेको छ । यो स्थानीय पाठ्यक्रमबाट पालिका क्षेत्रमा भएका ज्ञान, सिप, प्रविधि, कला, साहित्य, भाषा, धर्म, संस्कृति आदि पहिचान हुने र यसको संरक्षण विस्तारमा पनि योगदान पुग्ने छ ।

## १.२ स्थानीय पाठ्यक्रम परिचय

स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरेर स्थानीय आवश्यकतानुसार निर्माण भएको पाठ्यक्रम हो । यस्तो पाठ्यक्रमको केन्द्रीय पक्ष भनेको स्थानीयता हो । यस्तो स्थानीयमा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता, स्थानीय सहभागिता र त्यसको कार्यान्वयनमा स्थानीय अपनत्वलाई जोड दिन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसारका विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्रोत सामग्री २०६७ ले स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमको रूपमा परिभाषित गरेको छ । यी आधारबाट हेर्दा स्थानीय पाठ्यक्रमले मुख्य गरी स्थानीय सहभागिता , स्थानीय आवश्यकता, स्थानीय स्तरमा निर्माण, कार्यान्वयन त्यसको अपनत्वसमेतका पक्षहरूलाई जोड दिन्छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय क्षेत्रमा आधारित पाठ्यक्रम विकासका आधारमा जोड दिएको हुन्छ ।  यो अवधारणाले खासगरी स्थानीय पाठ्यक्रम निर्माणमा  स्थानीय भौगोलिकता, इतिहास, संस्कृति र समुदायका मौलिक तथा परम्परागत ज्ञानलाई पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिन्छ । यसैगरी स्थानीय पाठ्यक्रमले शिक्षण विधिमा कक्षाकोठालाई समुदायमा जोड्ने र स्थानीय समुदाय तथा वातावरणलाई नै शिक्षण सिकाइका माध्यम बनाउने कुरामा जोड दिन्छ । शिक्षा र समुदाय एकआपसमा जोडिन नसकेको सन्दर्भ र शिक्षाले समाजमुखीभन्दा पनि बजारमुखी भएको भन्ने विभिन्न आलोचनाका सन्दर्भमा पनि शिक्षा र समाजबिचमा बलियो सम्बन्ध विकास गर्न र समुदायका लागि शिक्षा भन्ने

अवधारणालाई जोड्न पनि स्थानीय पाठ्यक्रम महत्वपूर्ण आधार हुन्छ भनिन्छ । यो सन्दर्भमा शिक्षालाई समुदायसँग जोड्ने पाठ्यक्रम स्थानीय पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । समाज विकास र सामाजिक रूपान्तरणका लागि शिक्षा भन्ने सन्दर्भबाट र 'आफ्नो माटो चिनौँ' भन्ने स्थानीय पहिचानलाई जोगाउने काममा स्थानीय पाठ्यक्रमको भूमिका महत्वपूर्ण हुन्छ । यस अर्थमा स्थानीय पाठ्यक्रमले स्थानीय पहिचान जोगाउने र पहिचान दिलाउने काम गर्दछ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका आधारहरू निम्नानुसार उल्लेख गरेको छ :

(क) स्थानीय आवश्यकताका विषयवस्तु

(ख) स्थानीय विज्ञताको उपयोग हुने

(ग) विद्यालय र समुदायको सम्बन्ध विजस्तार हुने

(घ) स्थानीय तहबाट विकास हुने

(ङ) स्थानीय सामग्रीको प्रयोगले स्थान पाउने

(च) स्थानीय अपनत्व बढ्ने

(छ) स्थानीय सरोकावालाको सहभागिता हुने

(ज) पाठ्यक्रम विकास र कायान्वयमा पहुँच र प्रभावकारिता वृद्धि हुने

## १.३ स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

स्थानीय पाठ्यक्रम स्थान विशेषमा आधारित पाठ्यक्रम हो । गाउँ, वडा, नगरपालिका क्षेत्रमा केन्द्रित भएर त्यहाँको विशेषता र आवश्यकतामा आधारित भई यो पाठ्यक्रम निर्माण गरिन्छ । स्थानीय पाठ्यक्रमले आफ्नोपन, मौलिकता र परम्परालाई आफ्नो धरोहरका रूपमा स्थापित गर्दछ । त्यसैले स्थानीय सरोकारवालाको आवश्यकता चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने निष्कर्षमा महागढीमाई नगरपालिका पुगेको हो ।

स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा मात्र नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा पनि लिइन्छ । स्थानीय तहमा विविध प्रकारका विविधता र क्षमता छन् । स्थानीय ज्ञान, सिप र प्रविधि छन् । स्थानीय पाठ्यक्रम विकास भएसँगै स्थानीयता र स्थानीय विज्ञताको उपयोग गर्न सजिलो हुन्छ । यसरी स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको हो ।

स्थानीय पाठ्यक्रमले समेट्नुपर्ने पहिलो पक्ष स्थानीय आवश्यकता हो । स्थानीय आवश्यकताको पहिचान समूहगत छलफल, अन्तर्क्रिया, प्रश्नोत्तर तथा निश्चित समूह केन्द्रित छलफलमार्फत गरिन्छ । पाठ्यक्रमभित्र समेट्नुपर्ने दोस्रो पक्ष हो स्थानीय विषयवस्तु । स्थानीय भूगोल, संस्कृति, सम्पदा, प्रविधि, वातावरण, सिप, पेसा, व्यवसाय आदि पक्ष यसमा समेटिन्छन् । त्यसैगरी स्थानीय पाठ्यक्रममा समेटिनुपर्ने तेस्रो पक्ष हो स्थानीय सहभागिता र विज्ञता । पाठ्यक्रम विकास र कार्यान्वय प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । स्थानीय विज्ञतालाई शिक्षकका

महागढीमाई नगरपालिका

रूपमा, स्रोत व्यक्तिका रूपमा, विद्यालय र शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारका रूपमा जोड्न र सहभागी गराउन सकिन्छ । स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयको आवश्यकता र औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछ :

(क) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु

(ख) पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु

(ग) आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु

(घ) स्थानीय कला, संस्कृति, भाषा, क्षेत्र, सम्पदा आदिको संरक्षण र संवर्धन गर्नु

(ङ) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु

(च) विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी कम खर्चमा व्यावहारिक ज्ञान दिनु

(ज) स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु

(झ) एकआपसका ज्ञान र अनुभवलाई साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विकास गर्नु

## १.४ स्थानीय पाठ्यक्रम निर्माणका आधार

स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने सन्दर्भमा नेपालको संविधान, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय शिक्षाअन्तर्गत आधारभूत तहको स्वीकृत पाठ्यक्रम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेका विविध व्यवस्थाहरूले स्थानीय स्तरमा विद्यालय तथा पालिकाहरूले स्थानीय पाठ्यक्रम निर्माण गर्न र कार्यान्वयन गर्ने आधारहरू प्रदान गरेको छ ।

(१) नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ५ मा उल्लेख भएको नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ । धारा ३२ को उपधारा २ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ । उपधारा ३ नेपालमा बसोबास गर्ने गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन गर्ने हक हुने छ । धारा ५१ 'ठ'ले नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्वीक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवम् प्रचारप्रसार गर्ने विषय समावेश गरेको छ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को 'ज'को ४ मा उल्लेख भएको मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमसम्बन्धी व्यवस्था र १८ मा भएको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, संवर्धन र स्तरीकरण गर्ने विषयले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आधार प्रदान गरेको छ ।

(३) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख भएअनुसार पाठ्यक्रम विकासका आधारभूत मान्यताहरूमा स्थानीय आवश्यकतामा आधारित शिक्षाको सन्दर्भलाई उल्लेख गरिएको छ । यसैगरी प्रारूपमा उल्लेख भएअनुसार 'विद्यालय शिक्षाको उद्देश्यमा नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने' यो उद्देश्यले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनलाई जोड दिएको छ ।

कक्षा १ देखि ३ तथा ४ र ५ को तहगत सक्षमतामा 'आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, भाषा, धर्म, संसकृति, क्षेत्रप्रति सम्मान र समभावको विकास' गर्ने उद्देश्य हासिल गराउनका लागि स्थानीय पाठ्यक्रमको सान्दर्भिकता रहेको छ । कक्षा ६ देखि ८ को सक्षमतामा 'नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग' जस्ता सक्षमता हासिल गराउन स्थानीय पाठ्यक्रमको सान्दर्भिकता रहेको छ ।

## १.५ विद्यालय शिक्षाको आधारभूत तह पाठ्यक्रम संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व प्रारम्भिक बालविकास कक्षाको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी आधारभूत शिक्षाको पाठ्यक्रम संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप (गणित) | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ४ | १२८ |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |

| | | |
|---|---|---|
| जम्मा | २६ | ८३२ |

**आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

# परिच्छेद २ : तहगत सक्षमता, विषयक्षेत्र र पाठ्यभार

## २.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्टि«यताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन् :

(क) देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन

(ख) भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

(ग) सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

(घ) तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग

(ङ) वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

(च) मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता

(छ) जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

(ज) शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास

(झ) स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

(ञ) नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

(ठ) दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## २.२ पहिचान गरिएका विषयक्षेत्र र पाठ्यभार

**आधारभूत तह (कक्षा १-३)**

| क्र.सं. | विषयक्षेत्र | पाठ्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १. | हाम्रो परिवार | १० | १० | १० |
| २. | हाम्रो समुदाय | १० | १० | १० |
| ३. | हाम्रो विद्यालय | १० | १० | १० |
| ४. | हाम्रो संस्कृति | १० | १० | १० |
| ५. | हाम्रा सम्पदा | १५ | १५ | २० |
| ६. | स्थानीय सिप र प्रविधि | १० | १० | १० |
| ७. | आधुनिक प्रविधि र बजार | २० | २० | २० |
| ८. | हाम्रो बानी | २५ | २५ | २० |
| ९. | हाम्रो पेसा व्यवसाय | १५ | १५ | २० |
| १०. | हाम्रो नगरपालिका | १५ | १५ | १५ |
| ११. | स्थानीय खेल र योग | २० | २० | १५ |

| | | | |
|---|---|---|---|
| जम्मा | १६० | १६० | १६० |

आधारभूत तह (कक्षा ४-५)

| क्र.सं. | विषयक्षेत्र | पाठ्यघण्टा | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १. | हाम्रो नगर परिचय | १० | १० |
| २. | स्थानीय सरकार र सामाजिक व्यक्तित्व | १० | १० |
| ३. | हाम्रो संस्कृति | २० | २० |
| ४. | हाम्रा सांस्कृतिक र प्राकृतिक सम्पदा | १० | १० |
| ५. | कृषि, पशुपन्छी र माछापालन | २० | २० |
| ६. | स्थानीय र आधुनिक प्रविधि तथा बजार | २० | २० |
| ७. | स्वास्थ्य, सरसफाइ र जडीबुटी | १४ | १४ |
| ८. | खाद्य सुरक्षा, पोषण र पाककला | १२ | १२ |
| ९. | मातृभाषा, लोक कला र साहित्य | १२ | १२ |
| १०. | खेलकुद, योग र नैतिक शिक्षा | १२ | १२ |
| ११. | विपद् व्यवस्थापन र सामाजिक कुरीति | १० | १० |
| जम्मा | | १२८ | १२८ |

# स्थानीय पाठ्यक्रम
# आधारभूत तह
# (कक्षा १-३)

## परिच्छेद ३ : स्थानीय पाठ्यक्रम (कक्षा १)

### ३.१ सिकाइ सक्षमता/उद्देश्य

(क) आफ्नो, साथीको र परिवारका सदस्यको नाम बताउन

महागढीमाई नगरपालिका

(ख) आफ्नो गाउँ/टोल, छिमेक, विद्यालय र गाउँका साथी पहिचान गरी परिचय दिन

(ग) आफ्नो विद्यालय र शिक्षकको नाम बताई विद्यालय जाँदा आफूले बोकेका वस्तुहरूको नाम भन्न

(घ) आफूले मनाउने चाडपर्व, लगाउने पोसाक र खानेकुराको नाम भन्न

(ङ) मन्दिर, मस्जिद, बगैँचा, पोखरी, नदी पहिचान गर्न

(च) स्थानीय सिप र प्रविधिद्वारा बनाइएका आफ्ना घरका सामानको नाम भन्न

(छ) आफ्नो घरमा भएका आधुनिक प्रविधिको नाम तथा बजारमा पाइने सामानको नाम भन्न

(ज) व्यक्तिगत सरसफाइ गर्न तथा असल बानीबारे बताउन

(झ) पोसाक तथा कामका आधारमा पेसा व्यवसाय पहिचान गर्न

(ञ) नगरपालिकाको नाम, आफ्नो वडा नम्बर र नक्सा पहिचान गर्न

(ट) स्थानीय खेल तथा हात र खुट्टाको व्यायाममा सहभागी हुन

## ३.२ विषयक्षेत्र, क्रम र विस्तृतीकरण

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण सम्भाव्य क्रियाकलाप | शैक्षणिक सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. | हाम्रो परिवार | (क) आफ्नो नाम र थरसहित परिचय दिन<br>(ख) टोल/विद्यालयका साथीहरूको नाम भन्न<br>(ग) आमा, बुबा र शिक्षकको नाम भन्न<br>(घ) परिवारका सदस्यको नाम र नातासम्बन्ध बताउन | (क) शिक्षकले आफ्नो परिचय दिएर विद्यार्थीलाई आआफ्नो परिचय दिन उत्प्रेरित गर्नुहोस् ।<br>(ख) विद्यार्थीलाई पालैपालो आफ्नो नाम र थर भन्न लगाउनुहोस् ।<br>(ग) विद्यार्थीलाई साथीहरूको नाम भन्न र लेख्न लगाउनुहोस् ।<br>(घ) आमा, बुबा, शिक्षक आदिको नाम भन्न र लेख्न लगाउनुहोस् ।<br>(ङ) घरमा भएका सदस्यको नाम भन्न लगाउनुहोस् । | घरको चित्र, परिवारका सदस्यको फोटो, पारिवारिक वंशवृक्ष, नाम तालिका | (क) तपाईंको नाम के हो ?<br>(ख) तपाईंको घरमा को को हुनुहुन्छ ?<br>(ग) तपाईंका कुनै चार जना साथीको नाम भन्नुहोस् ।<br>(घ) तपाईंको कक्षा शिक्षकको नाम भन्नुहोस् ।<br>(ङ) आमाबुबाले तपाईंलाई बेटा वा बेटी के भन्नुहुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (च) परिवारका सदस्यसँगको नातासम्बन्ध भन्न लगाउनुहोस् । | | |
| २. | हाम्रो समुदाय | (क) आफ्नो गाउँ/टोलको नाम भन्न<br>(ख) छिमेकी गाउँका साथीको नाम भन्न<br>(ग) आफ्ना छिमेकी पहिचान गर्न<br>(घ) छिमेकीको परिचय दिन | (क) शिक्षकले आफ्नो घर भएको ठाउँको परिचय दिँदै विद्यार्थीलाई आआफ्नो गाउँ वा टोलको नाम भन्न उत्प्रेरित गर्नुहोस् ।<br>(ख) छिमेकी गाउँका साथीको नाम पालैपालो भन्ने अवसर दिनुहोस् ।<br>(ग) आफ्नो कक्षामा पढ्ने साथीहरूसँग परिचित हुन परिचय खेल खेलाउनुहोस् ।<br>(घ) विद्यार्थीलाई पालैपालो आफ्ना घरका नजिकै ककसका घर छन्, भन्न लगाउनुहोस् ।<br>(ङ) पालैपालो छिमेकीको परिचय भन्ने अवसर प्रदान गर्नुहोस् । | गाउँको तस्बिर, विद्यालयको तस्बिर, घरको चित्र | (क) तपाइँको टोलको नाम के हो ?<br>(ख) तपाइँको छिमेकी गाउँका साथीहरू को को हुन् ?<br>(ग) तपाइँको कक्षामा पढ्ने तीन जनाहरूको नाम भन्नुहोस् ।<br>(घ) तपाइँको नजिकै कसको घर छ ? |
| ३. | हाम्रो विद्यालय | (क) आफ्नो विद्यालयको नाम बताउन<br>(ख) विद्यालय रहेको ठाउँको नाम भन्न<br>(ग) आफूलाई पढाउने शिक्षकको नाम भन्न<br>(घ) पढ्नका लागि चाहिने सामग्रीको नाम भन्न<br>(ङ) विद्यालयमा | (क) शिक्षकले आफूले पढेको विद्यालयको नाम भनी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफ्नो विद्यालयको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br>(ग) पालैपालो आफू पढ्ने विद्यालय रहेको ठाउँको नाम भन्न लगाउनुहोस् ।<br>(घ) आफूलाई पढाउने शिक्षकको नाम भन्न र लेख्न लगाउनुहोस् । | विद्यालयको चित्र, झोला, कापी, कलम, पेन्सिल, इरेजर, रुलर आदिको चित्र | (क) तपाइँको विद्यालयको नाम के हो ?<br>(ख) तपाइँ विद्यालय किन जानुहुन्छ ?<br>(ग) तपाइँलाई विद्यालयमा कसले सिकाउनुहुन्छ ?<br>(घ) तपाइँलाई पढ्नका लागि कुन कुन सामान चाहिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आफूले गर्ने क्रियाकलाप बताउन | (ङ) पढ्नका लागि चाहिने सामग्री (किताब, कापी, कलम, पेन्सिल, झोला, ड्रेस) को नाम भन्न लगाउनुहोस् ।<br>(च) विद्यालयमा आफूले गर्ने पढ्ने र खेल्ने कामबारे पालैपालो भन्न लगाउनुहोस् । | | |
| ४. | हाम्रो संस्कृति | (क) आफूले मनाउने चाड पर्वको नाम भन्न<br>(ख) आफूले बोल्ने भाषामा आफ्नो परिचय दिन<br>(ग) आफूले लगाउने पोसाकको नाम भन्न<br>(घ) चाडपर्वमा बनाइने खानेकुराको नाम भन्न<br>(ङ) चित्र हेरेर ढोलक, हारमुनियम, खुरदक, तासा बाजा आदि चिन्न | (क) शिक्षकले चाडपर्वका बारेमा गीत वा कविता सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफूले बोल्ने भाषामा आफ्नो परिचय भन्न लगाउनुहोस् ।<br>(ग) विद्यार्थीलाई पालैपालो चाडपर्वका नाम भन्न लगाउनुहोस् ।<br>(घ) आआफूले लगाउने पोसाकबारेमा कक्षामा छलफल गराउनुहोस् ।<br>(ङ) छठमा पकाइने खानेकुराको चित्र देखाएर खानेकुराको नाम भन्न लगाउनुहोस् ।<br>(च) विद्यार्थीलाई चित्रका आधारमा बाजाको नाम भन्न लगाउनुहोस् । | चाडपर्वको तालिका, ठेकुवा र मिठाईको चित्र, पोसाकहरू, हारमुनियम, तासा बाजाको चित्र | (क) तपाइँ कुन कुन चाडपर्व मनाउनुहुन्छ ?<br>(ख) तपाइँ छठमा के के खानुहुन्छ ?<br>(ग) तपाइँ के के लगाउनुहुन्छ ?<br>(घ) तपाइँको वरिपरि पाइने बाजाको नाम भन्नुहोस् । |
| ५. | हाम्रा सम्पदा | (क) आफ्नो टोल/गाउमा भएका मन्दिर/मस्जिद पहिचान गरी नाम भन्न | (क) मन्दिर वा मस्जिदको चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफ्नो टोल/गाउमा भएका मन्दिर/मस्जिद नाम | मन्दिर र मस्जिदको चित्र, पोखरीको चित्र, | (क) तपाइँ गढीमाई मन्दिर जानुभएको छ ?<br>(ख) तपाइँले गढीमाई मन्दिरमा के के |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ख) आफ्ना वरिपरिका बगैँचा पहिचान गरी फलफूलको नाम भन्न<br>(ग) आफ्नो वरिपरि भएका पोखरीको नाम भन्न<br>(घ) आफ्ना वरिपरि भएका नदीको नाम भन्न | भन्न लगाउनुहोस् र सिकाइका क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ग) आफ्ना वरिपरिका बगैँचा पहिचान गरी पालैपालो त्यहाँ फल्ने फलफूलको नाम भन्न लगाउनुहोस् ।<br>(घ) आफ्नो वरिपरि भएका पोखरी (गढीमाई पोखरी, पिप्राही पोखरी, वेतावना पोखरी) तथा नदी (थलही, पसाहा, तियर) को नाम भन्न लगाउनुहोस् । | फूलबारीको चित्र | देख्नुभयो ?<br>(ग) पोखरीमा के पालिन्छ ?<br>(घ) तपाईंको नजिकै रहेको फूलबारीमा के के पाइन्छ ?<br>(ङ) तपाईंले थाहा भएको कुनै एउटा नदीको नाम भन्नुहोस् । |
| ६. | स्थानीय सिप र प्रविधि | (क) स्थानीय सिपबाट बनेका आफ्ना घरका सामग्रीहरूको नाम भन्न<br>(ख) आफ्ना घरमा फलामबाट बनेका सामानको नाम भन्न<br>(ग) आफ्ना घरमा भएका माटाबाट बनेका सामानको नाम भन्न | (क) स्थानीय प्रविधि प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) स्थानीय सिपबाट बनेका आफ्ना घरमा पाइने सामग्रीहरू (चटाइ, डालो, भकारी, चुलेसी) को नाम भन्न<br>(ग) आफ्ना घरमा भएका फलामबाट बनेका सामानको नाम भन्न लगाउनुहोस् र सूची बनाउन उत्प्रेरित गर्नुहोस् ।<br>(घ) आफ्ना घरमा भएका माटाबाट बनेका सामानको सूची तयार गर्न लगाई प्रस्तुतिको अवसर प्रदान | चटाइ, भकारी, डालो, चुलेसी, टोकरी, ढकना, घइला, हसुआ, | (क) तपाईंको घरमा फलामबाट बनेका सामानहरू के के छन् ?<br>(ग) तपाईंको घरमा माटाबाट बनेका सामान के के छन् ?<br>(ग) चुलेसीको प्रयोग किन गरिन्छ ? |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गर्नुहोस् । | | |
| ७. | आधुनिक प्रविधि र बजार | (क) आफ्नो घरमा पाइने आधुनिक प्रविधिको नाम भन्न<br>(ख) स्थानीय हाटबजार वा पसलमा पाइने आधुनिक प्रविधिको नाम भन्न | (क) आधुनिक प्रविधिका चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफ्नो घरमा पाइने आधुनिक प्रविधिको नाम ( कुकर, ग्याँस, फ्रिज, मिक्चर, मोबाइल, कम्प्युटर) भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ख) स्थानीय हाटबजार वा पसलमा पाइने आधुनिक प्रविधिको सूची बनाउन लगाई कक्षामा पालैपालो सुनाउने अवसर प्रदान गर्नुहोस् । | कुकर, ग्याँस, फ्रिज, मिक्चर, मोबाइल, कम्प्युटरको चित्र | (क) तपाइँको घरमा पाइने बजारबाट किनेका सामानहरूको नाम भन्नुहोस् ?<br>(ख) तपाईंले पसलमा कुन कुन सामान बेच्न राखेको देख्नुभयो ?<br>(ग) मोबाइल कुन कामका लागि प्रयोग गरिन्छ ? |
| ८. | हाम्रो बानी | (क) नुहाउन र लुगा धुन प्रयोग गरिने सामानको नाम भन्न<br>(ख) व्यक्तिगत सरसफाइ गर्न<br>(ग) आफ्ना असल बानी बताउन | (क) शिक्षकले आफूले गरेका नित्यकर्मबारे सुनाएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) नुहाउन र लुगा धुन प्रयोग गरिने सामानको नाम भन्न लगाउनुहोस् ।<br>(ग) व्यक्तिगत सरसफाइ (नङ काट्ने, मुख धुने, नुहाउने, कपाल कोर्ने, हात धुने) को अभ्यास गराउनुहोस् ।<br>(घ) आफ्ना असल बानी पालैपालो भन्न लगाउनुहोस् । | सर्फ, साबुन, स्याम्पो, टाबेल, नेलकटर, जगको चित्र, कलमा नुहाएको चित्र | (क) तपाईंलाई नुहाउनका लागि कुन कुन सामान चाहिन्छ ?<br>(ख) तपाइँ कपाल केले कोर्नुहुन्छ ?<br>(ख) तपाइँका असल बानी के के हुन् ? |
| ९. | हाम्रा पेसा व्यवसाय | (क) घरका सदस्यहरूले गर्ने काम बताउन<br>(ख) चित्र हेरी पेसा र व्यवसाय पहिचान गर्न | (क) शिक्षकले विभिन्न पेसा वा व्यवसाय जनाउने चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) विद्यार्थीलाई घरका सदस्यले गर्ने काम पालैपालो | किसान, कर्मचारी, व्यापारी आदिको चित्र, खेतीपाती र व्यापार गर्दै | (क) तपाइँका घरका सदस्य कुन कुन काम गर्नुहुन्छ ?<br>(ख) व्यापार गर्नेलाई के भनिन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) काम (खेतीपाती, व्यापार) का आधारमा पेसा व्यवसाय बताउन | भन्न लगाउनुहोस् ।<br>(ग) चित्र प्रदर्शन गरी परिवारका सदस्यको पेसा व्यवसाय पहिचान गर्न लगाउनुहोस् ।<br>(घ) घरका सदस्यले गर्ने काम नै पेसा व्यवसाय हुने भनेर बताउनुहोस् ।<br>(ङ) चित्रमार्फत खेतीपाती र व्यापार व्यवसाय पहिचान गर्न लगाउनुहोस् । | गरेको चित्र | (ग) खेतीपाती गर्नेलाई के भनिन्छ ? |
| १०. | हाम्रो नगरपालिका | (क) आफ्नो नगरपालिकाको नाम भन्न<br>(ख) आफू बसोबास गरेको गाउँको वडा नम्बर भन्न<br>(ग) आफ्नो वडाको वडा अध्यक्षको नाम भन्न<br>(घ) महागढीमाई नगरपालिकाको नक्सा पहिचान गर्न<br>(ङ) पालिकाको नक्सामा कागज वा अन्य घरेलु सामान टाँस्न | (क) शिक्षकले आफू बसोबास गरेको नगरपालिकाको नाम भनेर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) विद्यार्थीलाई पालैपालो आफ्नो गाउँ र नगरपालिकाको नाम भन्न लगाउनुहोस् ।<br>(ग) विद्यार्थीलाई आफू बसोबास गर्ने गाउँको वडा नम्बर र वडा अध्यक्षको नाम भन्न लगाउनुहोस् ।<br>(घ) महागढीमाई नगरपालिकाको नक्सा प्रदर्शन गरी रङ भर्न लगाउनुहोस् ।<br>(ङ) पालिकाको नक्सामा कागज वा अन्य घरेलु सामान टाँस्न लगाउनुहोस् । | पलिकाको नक्सा, वडाको नक्सा | (क) तपाईंको नगरपालिकाको नाम के हो ?<br>(ख) तपाईं कति नम्बर वडामा बस्नुहुन्छ ?<br>(ग) तपाईंको वडा अध्यक्षको नाम के हो ? |
| ११. | स्थानीय खेल र योग | (क) आफूलाई मन पर्ने खेलको नाम भन्न<br>(ख) विद्यालयमा | (क) शिक्षकले आफूलाई मन पर्ने खेलको नाम बताएर विद्यार्थीलाई पालैपालो घरमा | खेलकुदका लागि चाहिने सामानहरू | (क) तपाईं घरमा कुन कुन खेल खेल्नुहुन्छ ?<br>(ख) तपाईं विद्यालयमा |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | खेलिने खेलको नाम भन्न<br>(ग) आसपास, टीकामासा, जोर बिजोर, रुमाल लुकाइ आदि खेल्न<br>(घ) खुट्टा वा हातको कसरत गर्न<br>(ङ) आँखा चिम्लिएर ध्यान गर्न | खेलिने खेलको नाम भन्न लगाउनुहोस् ।<br>(ख) छलफलका गराई विद्यालयमा खेलिने खेलको नाम भन्न लगाउनुहोस् ।<br>(ग) आसपास, टीकामासा, जोर बिजोर, रुमाल लुकाइ जस्ता खेल खेलाउनुहोस् ।<br>(घ) हात खुट्टा खुम्च्याउने, चलाउने व्यायाम गराउनुहोस् ।<br>(ङ) सबैलाई आँखा चिम्लिन लगाएर केही समय ध्यान गर्न लगाउनुहोस् । | | कुन कुन खेल खेल्नुहुन्छ ?<br>(ग) गोलीगोली खेल कसरी खेलिन्छ ? |

# परिच्छेद ४ : स्थानीय पाठ्यक्रम (कक्षा २)

## ४.१ सिकाइ सक्षमता/उद्देश्य

(क) आफ्नो र साथीको नाम, थर, उमेर, आफन्तको नाम र उमेर तथा नातासम्बन्ध बताउन

(ख) छिमेकी पहिचान गरी छिमेकीसँगको सम्बन्ध र समुदायको परिचयसहित सहयोग आदानप्रदान गर्न

(ग) आफ्नो गाउँ र छिमेकी गाउँमा भएका विद्यालय नाम, पढाइ हुने तह (कक्षा), पढाइ हुने विषयसहित विद्यालयको परिचय दिन तथा विद्यालय जाँदाको आफ्नो दैनिकी बताउन

(घ) आफूले मनाउने चाडपर्व, उमेरअनुसारको पोसाक र चाडपर्वमा तयार पारिने परिकारका बारेमा बताउन

(ङ) मन्दिर, मस्जिद, बगैँचा, पोखरी, नदीबारे सामान्य जानकारी दिन

(च) स्थानीय प्रविधिको नाम र प्रयोग बताउन

(छ) आफ्नो घर र पसलमा पाइने आधुनिक प्रविधिको नाम र काम बताउन

(ज) व्यक्तिगत सरसफाइ, खानेकुराको सरसफाइ गर्न तथा ठुलालाई आदर र सानालाई माया गर्न

(झ) परिवारका सदस्य र छिमेकीको पेसा व्यवसाय बताउन

(ञ) नगरपालिकाको नक्सा पहिचान गरी वडा सङ्ख्या, मुख्य टोलसहित परिचय दिन

(ट) स्थानीय खेल र सूक्ष्म व्यायाममा सहभागी हुन

## ४.२ विषयक्षेत्र, क्रम र विस्तृतीकरण

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण सम्भाव्य क्रियाकलाप | शैक्षणिक सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. | हाम्रो परिवार | (क) आफ्नो नाम, थर र उमेरसहित परिचय दिन<br>(ख) टोल/विद्यालयका साथीहरूको नाम, थर, उमेर भन्न<br>(ग) परिवारका सदस्यको जेष्ठताअनुसारको नामको सूची तयार गर्न<br>(घ) परिवारका सदस्यको र आफन्तसँगको नातासम्बन्ध बताउन | (क) शिक्षकले आफ्नो परिचय दिएर विद्यार्थीलाई आआफ्नो नाम, थर, उमेर भन्न उत्प्रेरित गर्नुहोस् ।<br>(ख) टोल/विद्यालयका साथीहरूको नाम, थर, उमेर भन्न लगाउनुहोस् ।<br>(ग) परिवारका सदस्यको जेष्ठताअनुसारको नामको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) परिवारका सदस्यको र आफन्तसँगको नातासम्बन्ध भन्न लगाउनुहोस् । | परिवारको चित्र, नातासम्बन्धको सूची | (क) तपाइँको नाम र थर के हो ?<br>(ख) तपाइँको बुबाको नाम र थर के हो ?<br>(ग) तपाइँकी आमा कति वर्षकी हुनुभयो ?<br>(घ) तपाइँका परिवारका सदस्यको नाम क्रमैसँग भन्नुहोस् ।<br>(ङ) तपाईंकी आमाको भाइलाई तपाईंले के भन्नुपर्छ ? |
| २. | हाम्रो समुदाय | (क छिमेकीको परिचय दिन<br>(ख) गाउँमा गरिने सामूहिक कामहरू बताउन<br>(ग) छिमेकीको अवश्यकता र महत्व बताउन<br>(घ) छिमेकी र | (क) छिमेकमा बस्ने मानिसको नाम र नातासम्बन्ध भन्न लगाएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) गाउँमा गरिने सामूहिक कामका बारेमा छलफल गराई पालैपालो भन्न लगाउनुहोस् ।<br>(ग) छिमेकी र समुदायको सामान्य परिचय दिन | समुदायमा छलफल गर्दै गरेको चित्र | (क) तपाइँको छिमेकमा कसको घर छ ?<br>(ख) असल छिमेकी बन्न कस्ता बानी हुनुपर्छ ?<br>(ग) तपाइँलाई छिमेकीको आवश्यकता किन पर्दछ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुदायसँग सहयोग आदानप्रदान गर्न<br><br>(ङ) असल छिमेकीको परिचय भन्न | लगाउनुहोस् ।<br><br>(घ) विद्यार्थीलाई आफ्नो घरदेखि छिमेकी घरसम्म जाने बाटोको नक्सा बनाउन उत्प्रेरित गर्नुहोस् ।<br><br>(ङ) छिमेकीको अवश्यकता र महत्वबारे छलफल गराउनुहोस् ।<br><br>(च) छिमेकी र समुदायसँग सहयोग आदानप्रदान गर्न सिकाउनुहोस् र व्यावहारिक अभ्यास गराउनुहोस् ।<br><br>(छ) छिमेकीसँग मिलेर बस्न गर्नुपर्ने व्यवहार र संस्कारको जानकारीसहित असल छिमेकीको परिचय भन्न लगाउनुहोस् । | | |
| ३. | हाम्रो विद्यालय | (क) आफ्नो गाउँ र छिमेकी गाउँमा रहेको विद्यालयको नाम भन्न<br><br>(ख) आफ्नो र छिमेकी विद्यालयको ठेगाना बताउन<br><br>(ग) आफ्नो विद्यालयमा पढाइ हुने तह/कक्षा बताउन<br><br>(घ) आफ्नो विद्यालयका प्रधानाध्यापक र कक्षा शिक्षकको नाम भन्न<br><br>(ङ) विद्यालयमा गरिने | (क) आफ्नो गाउँ र छिमेकी गाउँमा रहेको विद्यालयको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br><br>(ख) आफ्नो र छिमेकी विद्यालयको ठेगाना भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br><br>(ग) आफ्नो विद्यालयमा पढाइ हुने तह/कक्षा भन्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरण गरिदिनुहोस् ।<br><br>(घ) आफ्नो विद्यालयका प्रधानाध्यापक र कक्षा शिक्षकको नाम भन्न | विद्यालयको चित्र, विद्यालयमा गरिने विभिन्न क्रियाकलापका चित्रहरू | (क) तपाइँको छिमेकमा कुन विद्यालय रहेको छ ?<br><br>(ख) तपाइँका विद्यालयका प्रधानाध्यापकको नाम के हो ?<br><br>(ग) तपाइँको विद्यालय रहेको स्थानको ठेगाना भन्नुहोस् ।<br><br>(घ) विद्यालयमा गरिने क्रियाकलाप समेटेर एक दिनको दैनिकी भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रियाकलाप समेटेर एक दिनको दैनिकी बताउन | लगाउनुहोस् ।<br>(ङ) विद्यालयमा गरिने क्रियाकलाप समेटेर एक दिनको क्रियाकलाप पालैपालो भन्न लगाउनुहोस् । | | |
| ४. | हाम्रो संस्कृति | (क) आफूले मनाउने चाडपर्वको सूची बनाउन<br>(ख) आफ्ना घरका सदस्यले लगाउने पोसाकको नाम भन्न<br>(ग) चाडपर्वमा तयार पारिने खानेकुराको नाम भन्न<br>(घ) छठ पर्वका बारेमा छोटो जानकारी दिन<br>(ङ) स्थानीय बाजाको नाम भन्न | (क) शिक्षकले चाडपर्वका बारेमा गीत वा कविता सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(क) आफूले मनाउने चाडपर्वको सूची बनाउन लगाई कक्षा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ख) आफ्ना घरका सदस्यले लगाउने पोसाकको सूची बनाई कक्षामा सुनाउन लगाउनुहोस् ।<br>(ग) चाडपर्वमा तयार पारिने खानेकुराको नाम भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(घ) छठ पर्वका बारेमा छोटो जानकारी पालैपालो भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ङ) स्थानीय बाजाको नाम भनी बजाउने अभ्यास गराउनुहोस् । | चाडपर्वको तालिका, ठेकुवा र मिठाई, तिला डड्डु, मुरीको लड्डुको चित्र, पोसाकहरू, हारमुनियम, तासा बाजाको चित्र | (क) तपाइँले मनाउने चाडपर्वको सूची तयार पार्नुहोस् ।<br>(ख) होलीमा कुन कुन परिकार तयार पारिन्छ ?<br>(ग) तपाइँले लगाउने पोसाकको सूची बनाई कक्षामा सुनाउनुहोस् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | हाम्रा सम्पदा | (क) आफ्नो वडाभित्र भएका मन्दिर/ मस्जिदको नाम पहिचान गरी सामान्य परिचय दिन<br>(ख) आफ्नो वडाभित्र भएका फूलबारी/ बगैँचा पहिचान गरी त्यहाँ भएका फलफूलका बोटका बारेमा बताउन<br>(ग) आफ्ना वरिपरि रहेका पोखरी र नदीको सामान्य परिचय दिन | (क) मन्दिर वा मस्जिदको चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफ्नो वडाभित्र भएका मन्दिर/ मस्जिदको नाम टिपोट गर्न लगाउनुहोस् । ती मन्दिर/ मस्जिदबारे सामान्य परिचय भन्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) आफ्नो वडाभित्र भएका फूलबारी/ बगैँचा पहिचान गरी त्यहाँ भएका फलफूलका बोटका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।<br>(घ) आफ्ना वरिपरि रहेको गढीमाई पोखरीको परिचय<br>(इतिहास) तथा थलही नदी, पसाहा नदी, तियर नदीबारे पालैपालो भन्न लगाउनुहोस् । | मन्दिर र मस्जिदको चित्र, पोखरीको चित्र, फूलबारीको चित्र | (क) वडा नम्बर ३ मा रहेका मन्दिरहरूको नाम भन्नुहोस् ।<br>(ख) संसारीमाई मन्दिर कुन वडामा पर्दछ ?<br>(ग) आफ्नो वरिपरि रहेको मस्जिदको परिचय दिनुहोस् । |
| ६. | स्थानीय सिप र प्रविधि | (क) आफ्नो घर र छिमेकमा प्रयोग गरिने स्थानीय सिपबाट बनेका सामानको नाम भन्न<br>(ख) फलामबाट बनेका सामानको नाम र प्रयोग बताउन<br>(ग) बाँसबाट बनाइएका सामानको | (क) स्थानीय प्रविधि प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(क) आफ्नो घर र छिमेकमा प्रयोग गरिने स्थानीय सिपबाट बनेका सामानको सूची बनाउन लगाउनुहोस् र पालैपालो प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ख) फलामबाट बनेका सामानको नाम (हसुवा, खुर्पी, कोदारी, फसुल, आरी, करही, | हसुवा, खुर्पी, कोदारी, फसुल, आरी, करही, खन्ती, छेनी, गरासी, बेना, सुपली, डेली, टोकरी, कोठी, कटिया, खपरा, हाटी, डिबियाको चित्र | (क) तपाइँको घरमा बाँसबाट बनेका सामानहरू के के छन् ?<br>(ग) सुपलीको प्रयोग कुन कामका लागि गरिन्छ ?<br>(ग) खन्तीको प्रयोग किन गरिन्छ ? |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | सूची बनाउन<br>(घ) माटाबाट बनेका सामानको नाम र प्रयोग बताउन | खन्ती, छेनी, गरासी) र प्रयोग पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ग) बाँसबाट बनाइएका सामानको सूची (बेना, सुपली, डेली, टोकरी, कोठी) बनाउन लगाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(घ) माटाबाट बनेका सामानको नाम (कटिया, खपरा, हाटी, डिबिया) र यसको प्रयोगबारे छलफल गराउनुहोस् र पालैपालो छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । | | |
| ७. | आधुनिक प्रविधि र बजार | (क) आफ्नो घरमा भएका आधुनिक प्रविधिको नाम र काम बताउन<br>(ख) भान्सा र खेतीपातीमा प्रयोग गरिने आधुनिक प्रविधिको सूची तयार पार्न<br>(ग) मोबाइल, कम्प्युटर, ल्यापटप, आइप्याड, घडीका बारेमा सामान्य जानकारी दिन | (क) आधुनिक प्रविधिका चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) आफ्नो घरमा पाइने आधुनिक प्रविधि (कुकर, ग्याँस, फ्रिज, मिक्चर) ले गर्ने कामबारे छलफल गराउनुहोस् र छलफलको निष्कर्ष भन्न लगाउनुहोस् ।<br>(ख) भान्सा र खेतीपातीमा प्रयोग गरिने आधुनिक प्रविधिको सूची तयार पार्न लगाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ग) मोबाइल, कम्प्युटर, ल्यापटप, आइप्याड, घडीले गर्ने कामका बारेमा छलफल | कुकर, ग्याँस, फ्रिज, मिक्चर, मोबाइल, कम्प्युटर, ल्यापटप, आइप्याड, घडीको चित्र | (क) तपाइँ घडी किन लगाउनुहुन्छ ?<br>(ख) खेतीपाती गर्दा प्रयोग गरिने तीनओटा आधुनिक सामानको नाम भन्नुहोस् ।<br>(ख) फ्रिजको काम के हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी पालैपालो यसको सामान्य जानकारी दिने अवसर प्रदान गर्नुहोस् । | | |
| ८. | हाम्रो बानी | (क) व्यक्तिगत सरसफाइ गर्न<br>(ख) खानेकुरा खानुअघि सरसफाइमा ध्यान दिन<br>(ग) आफूले प्रयोग गरेका सामान ठिक ठाउँमा राख्न<br>(घ) आफूभन्दा ठुलालाई आदर गर्न<br>(ङ) आफूभन्दा सानालाई माया गर्न | (क) शिक्षकले आफूले गरेका व्यक्तिगत सरसफाइबारे सुनाएर विद्यार्थीलाई पालैपालो व्यक्तिगत सरसफाइबारे भन्न उत्प्रेरित गर्नुहोस् ।<br>(ख) खानेकुरा खानुअघि र खाना खाइसकेपछि मिचीमिची हात धुन सिकाउनुहोस् ।<br>(ग) आफूले प्रयोग गरेका सामान ठिक ठाउँमा राख्नुपर्ने बारे छलफल गराई अभ्याससमेत गराउनुहोस् ।<br>(घ) आफूभन्दा ठुलालाई आदर (नमस्कार, बस्नुहोस् न, सन्चै हुनुहुन्छ) गर्न अभिनयमार्फत अभ्यास गराउनुहोस् ।<br>(ङ) आफूभन्दा सानालाई सहयोग गरेर, साथ दिएर, सँगै खेलेर, फकाएर) माया गर्न सिकाउनुहोस् र पालैपालो अभिनय गरेर प्रस्तुत गर्न लगाउनुहोस् । | साबुन, स्याम्पो, टाबेल, फलफूल पखालेको चित्र, सानालाई सहयोग गरेको चित्र | (क) खाना खानुअघि के गर्नुपर्छ ?<br>(ख) तपाइँ आफूभन्दा ठुलालाई भेट्दा सुरुमा के गर्नुहुन्छ ?<br>(ग) सानालाई किन माया गर्नुपर्छ ? |
| ९. | हाम्रा पेसा व्यवसाय | (क) आफ्ना परिवारका सदस्यको पेसा बताउन<br>(ख) छिमेकमा बस्ने मानिसहरूको पेसा बताउन | (क) शिक्षकले विभिन्न पेसा वा व्यवसाय जनाउने चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) पालैपालो आआफ्ना परिवारका सदस्यको पेसा र | सेना, प्रहरी, नर्स, पाइलट, इन्जिनियर, वकिल, शिक्षक आदिको चित्र, खेतीपाती र व्यापार गर्दै | (क) तपाइँको बुबा के काम गर्नुहुन्छ ?<br>(ख) तपाइँको छिमेकमा कुन कुन पेसा गर्ने मानिसहरू बस्छन् ?<br>(ग) इन्जिनियरको काम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) पोसाक (सेना, प्रहरी, नर्स, पाइलट, इन्जिनियर, वकिल, शिक्षक) का आधारमा पेसा व्यवसाय बताउन<br>(घ) पेसा व्यवसायबाट हुने फाइदा बताउन | व्यवसाय भन्न लगाउनुहोस् ।<br>(ग) छिमेकमा बस्ने छिमेकीहरूको पेसा व्यवसाय भन्न लगाई टिपोट पर्न गर्न लगाउनुहोस् ।<br>(घ) सेना, प्रहरी, नर्स, पाइलट, इन्जिनियर, वकिल, शिक्षक आदिका पोसाकका आधारमा पेसा व्यवसाय चिन्न लगाउनुहोस् र ती पेसा व्यवसायीले गर्ने कामबारे छलफल गराउनुहोस् ।<br>(ङ) पेसा व्यवसायबाट हुने फाइदाबारे छलफल गराई निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । | गरेको चित्र | के हो ?<br>(घ) पेसा व्यवसायबाट के फाइदा हुन्छ ? |
| १०. | हाम्रो नगरपालिका | (क) महागढीमाई नगरपालिकाको नक्सा चिन्न<br>(ख) पालिकाको नक्सामा आफ्नो वडाको नक्सा पहिचान गर्न<br>(ग) आफ्नो पालिकाको वडा सङ्ख्या बताउन<br>(घ) आफ्नो वडासँग सिमाना जोडिने वडा नम्बर बताउन<br>(ङ) आफ्ना वडाभित्र भएका मुख्य गाउँ/टोलको नाम भन्न | (क) शिक्षकले नेपालको नक्सा र गढीमाई नगरपालिकाको नक्सा प्रदर्शन गरी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) छिमेकी नगरपालिका र महागढीमाई नगरपालिका नक्सा प्रदर्शन गरी गढीमाई नगरपालिका चिन्न लगाउनुहोस् ।<br>(ग) महागढीमाई नगरपालिकाको नक्सामा आफ्नो वडाको नक्सा पहिचान गर्न लगाउनुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । | पलिकाको नक्सा, वडाको नक्सा | (क) तपाईंको वडासँग कुन कुन वडाको सिकाना जोडिएको छ ?<br>(ख) तपाईंको नगरपालिकामा कतिओटा वडा रहेका छन् ?<br>(ग) महागढीमाई नगरपालिकाको मेयर र उपमेयरको नाम के के हो ? |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | (च) आफ्नो पालिकाको मेयर र उपमेयरको नाम भन्न | (घ) नक्सा हेरेर आफ्नो पालिकाको वडा सङ्ख्या भन्न लगाउनुहोस् ।<br><br>(ङ) नक्सा हेरेर आफ्नो वडासँग सिमाना जोडिने वडा नम्बर भन्न लगाउनुहोस् ।<br><br>(च) आफ्ना वडाभित्र भएका मुख्य गाउँ/ टोलको नाम पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले ती नामहरू शैक्षणिक पाटीमा टिपोट गरिदिई थप छलफल गराउनुहोस् ।<br><br>(छ) आफ्नो पालिकाको मेयर र उपमेयरको नाम भन्ने अवसर दिनुहोस् । | | |
| ११. | स्थानीय खेल र योग | (क) घर र विद्यालयमा खेलिने खेलको नाम भन्न<br><br>(ख) स्थानीय खेल<br><br>(कुस्ती, गुलीटार, धापधाप, चुङ्गी, चम्चा दौड, चकलेट दौड आदिमा सहभागी हुन<br><br>(ग) खेल खेल्दा हुने फाइदा बताउन<br><br>(घ) सूक्ष्म व्यायाम गर्न<br><br>(ङ) बस्ने, उत्तानो सुत्ने, घोप्टो सुत्ने, उभिने, नमस्कार गर्ने, | (क) खेलका चित्र देखाएर खेलप्रति उत्प्रेरित गर्नुहोस् ।<br><br>(ख) पालैपालो घर र विद्यालयमा खेलिने खेलको नाम भन्न लगाउनुहोस् ।<br><br>(ग) कुस्ती, गुलीटार, धापधाप, चुङ्गी, चम्चा दौड, चकलेट दौड खेलमा विद्यार्थीलाई सहभागी गराउनुहोस् ।<br><br>(घ) खेल खेल्दा हुने फाइदा पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br><br>(ङ) विद्यार्थीलाई हातखुट्टा चलाउन, खुम्च्याउन, आँखाले दायाँबायाँ हेर्न, टाउको र कुम | खेलकुदका लागि चाहिने सामानहरू | (क) तपाईँलाई मन पर्ने खेल कुन हो ?<br><br>(ख) खेल खेल्दा के फाइदा हुन्छ ?<br><br>(ग) कुस्ती कसरी खेलिन्छ ?<br><br>(घ) सूक्ष्म व्यायाम र योगासन अभ्यास गराउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पिटी गर्ने जस्ता सामान्य योगासनको अभ्यास गर्न | चलाउन सिकाउनुहोस् ।<br><br>(च) विद्यार्थीलाई बस्ने, उत्तानो सुत्ने, घोप्टो सुत्ने, उभिने, नमस्कार गर्ने, पिटी गर्ने जस्ता सामान्य योगासनको अभ्यास गराउनुहोस् । | | |

# परिच्छेद ५ : स्थानीय पाठ्यक्रम (कक्षा ३)

## ५.१ सिकाइ सक्षमता/उद्देश्य

(क) आफ्नो परिवारको परिचय, परिवारका सदस्यको नातासम्बन्ध, परिवारका सदस्यको पेसा, परिवारको महत्व बताउन

(ख) समुदायको परिचय, काम, कर्तव्य र अधिकार तथा सामुदायिक काममा आफ्नो भूमिका बताउँदै सहभागी हुन

(ग) आफ्नो विद्यालयको परिचय दिन, कक्षाको रुटिन तयार पार्न र विद्यालयमा गरिने क्रियाकलाप बताउन

(घ) स्थानीय चाडपर्व, सांस्कृतिक पोसाक, परिकार, लोकबाजाको परिचय दिन

(ङ) मन्दिर, मस्जिद, बगैँचा, पोखरी र नदीको परिचय र महत्व बताउन

(च) स्थानीय प्रविधिको सूची तयार पारी घरेलु प्रविधि (चटाइ, पङ्खा) तयार पार्न चाहिने सामग्रीको नाम भन्न

(छ) स्थानीय बजारमा पाइने आधुनिक प्रविधिको सूची र प्रयोग गर्ने तरिका बताउन

(ज) व्यक्तिगत र सार्वजनिक स्थलको सरसफाइ गर्न, रुचिअनुसारका क्रियाकलापमा सहभागी हुन तथा असल र खराब बानीबारे फरक बुझ्न

(झ) कृषि, व्यापार, सिपमूलक पेसा, सेवामूलक पेसासँग परिचित हुन

(ञ) नगरपालिकाको नक्सा, वडा सङ्ख्या, चारकिल्ला पहिचान गरी परिचय दिन

(ट) स्थानीय खेल, सूक्ष्म व्यायाम, ध्यान र योगमा सहभागी हुन

## ५.२ विषयक्षेत्र, क्रम र विस्तृतीकरण

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण सम्भाव्य क्रियाकलाप | शैक्षणिक सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. | हाम्रो परिवार | (क) आफ्नो सङ्क्षिप्त परिचय दिन<br>(ख) परिवारको सङ्क्षिप्त परिचय दिन<br>(ग) एकल र संयुक्त परिवार पहिचान गरी परिचय दिन<br>(घ) परिवारका सदस्यले गर्ने काम बताउन<br>(ङ) पारिवारिक एकता र विश्वासमा टेवा पुऱ्याउन<br>(च) परिवारको आवश्यकता र महतव भन्न | (क) शिक्षकले आफ्नो सङ्क्षिप्त परिचय भनेर विद्यार्थीलाई आआफ्नो नाम, थर, ठेगाना, जन्ममिति भन्न उत्प्रेरित गर्नुहोस् ।<br>(ख) पालैपालो आफ्ना परिवारको परिचय भन्न लगाउनुहोस् ।<br>(ग) एकल र संयुक्त परिवार पहिचान गरी परिचय दिन लगाउनुहोस् ।<br>(घ) परिवारका सदस्यले गर्ने काम वा पेसा बताउँदै पारिवारिक फाइदाका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।<br>(ङ) पारिवारिक एकता र विश्वासमा टेवा पुऱ्याउन परिवारका सदस्यको भूमिका भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(च) परिवारको आवश्यकता र महत्व बारे छलफल गराई छलफलको निष्कर्ष पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । | एकल र संयुक्त परिवारको चित्र | (क) तपाइँको सङ्क्षिप्त परिचय भन्नुहोस् ।<br>(ख)कस्तो परिवारलाई एकल परिवार भनिन्छ ?<br>(ग) संयुक्त परिवारका विशेषता के के हुन् ?<br>(घ) हामीलाई परिवारको आवश्यकता किन पर्छ ? |
| २. | हाम्रो समुदाय | (क) समुदायको परिचय दिन<br>(ख) समुदायको काम र कर्तव्य बताउन<br>(ग) समुदायको सहयोगमा प्रहरी, | (क) विद्यार्थीलाई आआफ्ना छिमेकीको नाम भन्न लगाई छिमेकी चिन्न उत्प्रेरित गर्नुहोस् ।<br>(ख) पालैपालो समुदायको परिचय भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक | सरसहयोगको भाव झल्काउने चित्र, समुदायको चित्र | (क) समुदाय भन्नाले के बुझिन्छ ?<br>(ख) तपाइँको वडाभित्र रहेका सामाजिक सङ्घसंस्थाको फोन नम्बर सङ्कलन |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | अस्पताल, दमकल आदिको फोन नम्बर टिपी सुरक्षित राख्न<br>(घ) जातीय, भाषिक, सांस्कृतिक समुदाय पहिचान गर्न<br>(ङ) सामूहिक काममा सहभागी हुन | सहजीकरण गर्नुहोस् ।<br>(ग) समुदायका बिचमा गरिने सरसहयोगको क्षेत्र पहिचान गर्न लगाउनुहोस् ।<br>(घ) समुदायबिच सहयोग आदानप्रदानको संस्कारबारे छलफल गरी समुदायको आवश्यकता स्पष्ट पारिदिनुहोस् ।<br>(ङ) समुदायको काम र कर्तव्य भन्न लगाउनुहोस् ।<br>(च) समुदायको सहयोगमा प्रहरी,अस्पताल, दमकल आदिको फोन नम्बर टिपोट गर्न लगाउनुहोस् ।<br>(घ) जातीय, भाषिक, सांस्कृतिक समुदाय पहिचान गरी सूची तयार पार्न सिकाउनुहोस् र प्रस्तुतिको अवसर दिनुहोस् ।<br>(ङ) सामूहिक काममा सहभागी हुने अवसर प्रदान गर्नुहोस् । | | गर्नुहोस् ।<br>(ग) समुदायको काम र कर्तव्य के के हो ?<br>(घ) तपाइँ कुन कुन सामूहिक काममा सहभागी हुनुभएको छ ? |
| ३. | हाम्रो विद्यालय | (क) आफ्नो विद्यालयको परिचय दिन<br>(ख) आफ्नो कक्षाको रुटिन तयार पार्न<br>(ग) विद्यालयमा गरिने क्रियाकलाप बताउन<br>(घ) विद्यालयमा हुने अतिरिक्त | (क) शिक्षकले आफू पढेको विद्यालयको नाम, ठेगाना, तह, कक्षा, अवस्था, वातावरणसहित परिचय दिएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् र विद्यार्थीलाई पालैपालो आफ्नो विद्यालयको परिचय भन्न लगाउनुहोस् ।<br>(ख) आफ्नो कक्षाको रुटिन तयार पार्न लगाई सूचना | विद्यालयको चित्र, विभिन्न क्रियाकलापका चित्रहरू, रुटिन तालिका | (क) तपाइँको विद्यालयको परिचय दिनुहोस् ।<br>(ख) तपाइँको विद्यालयमा कुन कुन क्रियाकलाप हुन्छ, सूची बनाउनुहोस् ।<br>(ग) शिक्षाको महत्व शीर्षकमा अनुच्छेद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रियाकलापमा भाग लिन<br>(ङ) शिक्षाको महत्व बताउन<br>(च) विद्यालयले समुदायलाई गर्न सक्ने सहयोग सूचीकृत गर्न | पाटीमा टाँस लगाउनुहोस् ।<br>(ग) विद्यालयमा गरिने क्रियाकलाप (खेल, गायन, नृत्य, कविता वाचन, अन्ताक्षरी) बारे पालैपालो भन्न लगाउनुहोस् ।<br>(घ) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई भाग लिने अवसर प्रदान गर्नुहोस् ।<br>(ङ) छलफल गराई पालैपालो शिक्षाको महत्व बारे भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(च) विद्यालयले समुदायलाई गर्न सक्ने सहयोगको सूची बनाउन लगाउनुहोस् र कक्षा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । | | लेख्नुहोस् । |
| ४. | हाम्रो संस्कृति | (क) स्थानीय चाडपर्वको नाम भन्न<br>(ख) सांस्कृतिक पोसाकको नाम भन्न<br>(ग) होली, तिलासङ्क्रान्ति, छठमा पकाइने परिकारको नाम भन्न<br>(घ) होली पर्वको महत्व बताउन<br>(ङ) ढोलक, हारमुनियम बाजाबारे सामान्य जानकारी दिन | (क) शिक्षकले चाडपर्वका बारेमा गीत वा कविता सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) विद्यार्थीलाई स्थानीय चाडपर्वको नाम भन्न लगाई शैक्षणि काटीमा टिपोट गर्दै जानुहोस् ।<br>(ग) आफूले मनाउने चाडपर्वमा लगाइने सांस्कृतिक पोसाकको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br>(घ) होली, तिलासङ्क्रान्ति, छठमा पकाइने परिकारको | चाडपर्वको तालिका, ठेकुवा, खिचडी, तरुवा र मिठाईको चित्र, सांस्कृतिक पोसाक, हारमुनियम, ढोलकको चित्र | (क) तपाइँ माघीमा कुन परिकार खानुहुन्छ ?<br>(ख) छठका बारेमा भन्नुहोस् ।<br>(क) होलीमा लगाइने पोसाकको नाम भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नाम भन्न र ती परिकारका स्वादबारे कक्षामा छलफल गराउनुहोस् ।<br>(ङ) होली पर्वको महत्व भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(च) ढोलक, हारमुनियम बाजाबारे छलफल गराई अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् । | | |
| ५. | हाम्रा सम्पदा | (क) आफ्नो नगरपालिकाभित्र भएका प्रमुख मन्दिर/ मस्जिदको परिचय दिन<br>(ख) आफ्नो नगरपालिकाभित्रका फूलबारी, पोखरी, नदी, पार्कको परिचय दिन<br>(ग) सांस्कृतिक सम्पदाको महत्व बताउन | (क) मन्दिर वा मस्जिदको चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकाभित्र भएका मन्दिर/ मस्जिदको नाम टिपोट गर्न लगाउनुहोस् । ती मन्दिर/ मस्जिदबारे सामान्य परिचय भन्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) महागढीमाई नगरपालिकाभित्र भएका फूलबारी/ बगैँचा, पोखरी, नदी, पार्क पहिचान गरी त्यसका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।<br>(घ) नगरपालिकाभित्रको मुख्य पोखरीको इतिहास र महत्व बारे<br>पालैपालो भन्न लगाउनुहोस् । | मन्दिर र मस्जिदको चित्र, पोखरीको चित्र, फूलबारीको चित्र | (क) तल दिइएका मन्दिर कुन वडामा पर्दछन् : सानो गढीमाई मन्दिर, पिप्राविर्ता मठ, भिनकबाबा मठ<br>(ख) गढीमाई फूलबारीको महत्व किन छ ?<br>(ग) वेतावना पोखरीको परिचय दिनुहोस् ।<br>(घ) पालिकाभित्र रहेका कुनै एउटा मस्जिदका बारेमा भन्नुहोस् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ६. | स्थानीय सिप र प्रविधि | (क) स्थानीय सिप र प्रविधिको सूची तयार पार्न<br>(ख) स्थानीय प्रविधि ( हसुवा, कुर्सी, कोठी, घइला, छैटा, कोदालो) तयार पार्न चाहिने सामग्रीको नाम भन्न<br>(ग) घरेलु प्रविधि प्रयोग गर्ने तरिका बताउन<br>(घ) ढिकी, जाँतो र केदालोको उपयोगिता बताउन | (क) स्थानीय प्रविधि प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् र स्थानीय सिप र प्रविधिको सूची तयार पार्न लगाउनुहोस् ।<br>(ख) स्थानीय प्रविधि (हसुवा, खुर्सी, कोठी, घइला, छैटा, कोदालो) तयार पार्न चाहिने सामग्रीको नाम भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) घरेलु प्रविधि ( हसुवा, खुर्पी, कोदारी, फसुल, आरी, करही, खन्ती, छेनी, गरासी, बेना, सुपली, डेली, टोकरी, कोठी, कटिया, खपरा, हाटी) प्रयोग गर्ने तरिकाबारे छलफल गराउनुहोस् ।<br>(घ) ढेकी, जाँता र केदालीको उपयोगिताबारे छलफल गराई यी प्रविधिको प्रयोगबाट हुने फाइदाको सूची बनाउन लगाउनुहोस् । | हसुवा, खुर्सी, कोठी, घइला, छैटा, कोदालीको चित्र | (क) कोठी बनाउन कुन कुन सामग्री चाहिन्छ ?<br>(ख) आरीको प्रयोग किन गरिन्छ ?<br>(ग) हसुवाको प्रयोग कसरी गरिन्छ ?<br>(घ) तपाइँ बजार जानुहोस् र त्यहाँ भएका स्थानीय प्रविधिको सूची तयार पार्नुहोस् । |
| ७. | आधुनिक प्रविधि र बजार | (क) स्थानीय बजारमा पाइने आधुनिक प्रविधिको सूची तयार पार्न<br>(ख) आधुनिक प्रविधि (भान्सा/खेतीपाती) प्रयोग गर्ने तरिका | (क) आधुनिक प्रविधिका चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) स्थानीय बजारमा पाइने आधुनिक प्रविधिको सूची तयार पार्न लगाउनुहोस् र पालैपालो सुनाउने अवसर | मिक्चर, फ्रिज, कोरेसो, ट्याक्टर, धान काट्ने मेसिन थ्रेसरको चित्र | (क) तपाइँको भान्सामा कुन कुन आधुनिक प्रविधि रहेको छ ?<br>(ख) थ्रेसरको प्रयोग किन गरिन्छ ?<br>(ग) मोबाइलका |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | बताउन<br>(ग) मोबाइलका फाइदा र बेफाइदा भन्न | पनि दिनुहोस् ।<br>(ख) भान्सा (मिक्चर, फ्रिज, छिल्ना) र खेतीपाती (ट्याक्टर, धान काट्ने मेसिन, थ्रेसर) मा प्रयोग गर्ने तरिकाबारे छलफल गरी यी प्रविधि प्रयोग गर्दा हुने फाइदाको सूची बनाउन लगाउनुहोस् र पालैपालो सुनाउने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) मोबाइलको प्रयोगबाट हुने फाइदा र बेफाइदाको सूची बनाउन लगाई छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी फाइदा र बेफाइदाको सूचीलाई शैक्षणिक पाटीमा टाँस्न लगाउनुहोस् । | | तीनओटा फाइदा र बेफाइदा के के हुन् ? |
| ८. | हाम्रो बानी | (क) व्यक्तिगत सरसफाइको महत्व बताउन<br>(ख) सार्वजनिक ठाउँ (विद्यालय, मन्दिर) सरसफाइ गर्न<br>(ग) आफ्ना रुचिका क्षेत्र बताई काममा सहभागी हुन<br>(घ) असल बानीको सूची तयार गर्न<br>(ङ) असल र खराब बानीबिच फरक बताउन | (क) व्यक्तिगत सरसफाइको महत्व बारे समूहमा छलफल गराउनुहोस् र पालैपालो भन्ने अवसर विद्याथीृलाइृ दिनुहोस् ।<br>(ख) विद्यालय, मन्दिर जस्ता सार्वजनिक स्थल सरसफाइ गर्नेबारे छलफल गरी सरसफाइमा सबै विद्यार्थीलाई सहभागी गराउनुहोस् ।<br>(ग) पालैपालो आआफ्ना रुचिका क्षेत्र भन्ने अवसर दिनुहोस् र रुचिमा क्षेत्रमा सहभागी हुने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) असल बानी के के हुन् भन्नेबारे समूहमा छलफल | विद्यालय, मन्दिर सरसफाइ गरेको चित्र | (क) व्यक्तिगत सरसफाइको महत्व किन छ ?<br>(ख) तपाइँका रुचिका क्षेत्र के के हुन् ?<br>(ग) तपाइँका असल बानी के के हुन् ?<br>(घ) हामीले कस्ता कस्ता खराब बानी त्याग्नुपर्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गराउनुहोस् र सूची तयार गर्न लगाई प्रस्तुतिको अवसरसमेत दिनुहोस् ।<br><br>(ङ) असल र खराब बानीबिच फरक भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ९. | हाम्रा पेसा व्यवसाय | (क) कृषि पेसाको परिचय र महत्व बताउन<br><br>(ख) व्यापार व्यवसायबाट हुने फाइदा बताउन<br><br>(ग) सिपमूलक पेसाको परिचय दिन<br><br>(घ) सेवामूलक पेसाको परिचय दिन<br><br>(ङ) महागढीमाई नगरपालिका भित्रका सिपमूलक र सेवामूलक पेसाको सूची तयार पार्न | (क) शिक्षकले विभिन्न पेसा वा व्यवसाय जनाउने चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br><br>(ख) कृषि पेसाका बारेमा छलफल गर्नुहोस् र खेतीपाती गर्दा हुने फाइदा र यसको महत्व सहित पालैपालो आफ्नो धारणा राख्ने अवसर प्रत्येक विद्यार्थीलाई दिनुहोस् ।<br><br>(ग) किराना पसल, स्टेसनरी पसल, कपडा पसल, होटल, अन्य विभिन्न पसल सञ्चालन गर्दा हुने फाइदाबारे छलफल गर्नुहोस् र विद्यार्थीलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br><br>(घ) सिपमूलक पेसा (टायल बनाउने, काठका सामान बनाउने, घर बनाउने, अन्य विभिन्न सामान बनाउने) बारे छलफल गराई सिपमूलक पेसाको अवधारणा स्पष्ट पारिदिनुहोस् ।<br><br>(घ) सेवामूलक पेसा (शिक्षक, डाक्टर, बैङ्क कर्मचारी, | कृषि, सेवामूलक र सिपमूलक पेसाका तस्बिरहरू | (क) कृषि पेसाको महत्व किन छ ?<br><br>(ख) कुन कुन सेवामूलक पेसा हुन् ?<br><br>(ग) सिपमूलक पेसा भनेको के हो ?<br><br>(घ) महागढीमाई नगरपालिकाभित्र रहेका सेवामूलक पेसा के के हुन् ? |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वकिल, सरकारी कर्मचारी आदि) बारे छलफल गराउनुहोस् ।<br>(ङ) महागढीमाई नगरपालिका भित्रका सिपमूलक र सेवामूलक पेसाको सूची तयार पारी कक्षा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । | | |
| १०. | हाम्रो नगरपालिका | (क) महागढीमाई नगरपालिकाको नक्सा बनाउन<br>(ख) पालिकाभित्रका वडा सङ्ख्या र नगरपालिकाको जनसङ्ख्या बताउन<br>(ग) आफ्नो नगरपालिकाको चार दिशा बताउन<br>(घ) प्रत्येक वडाको वडा कार्यालय रहेको ठाउँको नाम भन्न<br>(ङ) वडाबाट पाइने सेवा (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता) भन्न | (क) शिक्षकले गढीमाई नगरपालिकाको नक्सा प्रदर्शन गरी विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) विद्यार्थीलाई महागढीमाई नगरपालिकाको नक्सा बनाउन लगाउनुहोस् र शिक्षकले नक्सा बनाउने क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) विद्यार्थीले बनाएको नक्सा सूचना पाटीमा टाँस्न लगाउनुहोस् ।<br>(घ) नक्सा हेरेर पालिका भित्रका वडा सङ्ख्या भन्न लगाउनुहोस् ।<br>(ङ) पालिकाको कुल जनसङ्ख्या, महिला र पुरुषको जनसङ्ख्याबारे छलफल गराई टिपोट गर्न लगाउनुहोस् ।<br>(च) नक्सा हेरी महागढीमाई नगरपालिकाको चार दिशा भन्न लगाउनुहोस् ।<br>(छ) कक्षामा छलफल गराई | पलिकाको नक्सा, वडाको नक्सा | (क) महागढीमाई नगरपालिकामा कतिओटा वडा छन् ?<br>(ख) जनगणना २०७८ अनुसार महागढीमाई नगरपालिकाको जनसङ्ख्या कति रहेको छ ?<br>(ग) तपाईंले वडा कार्यालयबाट कुन कुन सेवा लिनुभयो ? |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रत्येक वडाको वडा कार्यालय रहेको ठाउँको नाम भन्न लगाउनुहोस् ।<br>(ज) वडाबाट पाइने सेवा ( जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता) बारे छलफल गर्नुहोस् र ककसले कुन कुन सेवा लिएका छन्, पालैपालो भन्न लगाउनुहोस् । | | |
| ११. | स्थानीय खेल र योग | (क) स्थानीय खेल<br>(कबडी, पहलवानी, बाघबखरी, गिद्ध गुडकान, ठकरा) खेलमा सहभागी हुन<br>(ख) चेत (पञ्जा लडाइँ), खेल खेल्न<br>(ग) पिटी, दौड आदिमा सहभागी हुन<br>(घ) खेलकुदको महत्व बताउन<br>(ङ) सूक्ष्म व्यायाम गर्न<br>(च) प्रणव ध्यान र अनुलोमविलोमको अभ्यास गर्न | (क) खेल, योग र ध्यानका चित्र प्रस्तुत गरी विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्नुहोस् ।<br>(ख) कबडी, पहलवानी<br>(कुस्ती/लडाइँ), बाघबखरी, गिद्ध गुडकान, ठकरा जस्ता स्थानीय खेलमा सहभागी हुने अवसर प्रदान गर्नुहोस् र अभ्यास गराउनुहोस् ।<br>(ग) चेत (पञ्जा लडाइँ) खेल खेल खेलाउनुहोस् ।<br>(घ) पिटी, दौड आदिमा सहभागी गराउनुहोस् ।<br>(ङ) छलफल गराई खेलकुदको महत्व बारे पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(च) सूक्ष्म व्यायाम (हात, खुट्टा, शरीर, मांसपेसी चलाएर) गराउनुहोस् ।<br>(छ) प्रणव ध्यान र अनुलोमविलोमको अभ्यास गराउनुहोस् । | विभिन्न खेल, ध्यान र आसनका चित्रहरू | (क) बाघबखरी खेल कसरी खेलिन्छ ?<br>(ख) चेत खेल खेल्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?<br>(ग) अनुलोमविलोम अभ्यास गरेर देखाउनुहोस् । |

# परिच्छेद ६ : सिकाइ सहजीकरण प्रक्रिया (कक्षा १-३)

## ६.१ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा १-३ को यो पाठ्यक्रम समग्रमा बहुविषयक विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । एकीकृत पाठ्यक्रममा विभिन्न विषयगत क्षेत्रहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक विषयक्षेत्रहरूबिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमतको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसमा लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी एकीकृत सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी एकीकृत पाठ्यक्रम निर्माण गर्ने प्रयास भएकाले

विभिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

## ६.२ सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

कक्षा १-३ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । खेल, गीत, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।

महालक्ष्मी नगरपालिका

- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।
- एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ ।

विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्न भिन्न ढङ्गले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेशअनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

## ६.३ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्व पूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. **सक्षमता तथा सिकाइ उपलब्धिहरू :**

पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. **विषयवस्तुको स्वरूप :**

विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ । ३. **बालमनोविज्ञान :**

सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ । सिकाइ सहजीकरणमा भोजपुरी मातृभाषाको प्रयोग गर्नुपर्दछ ।

४. **स्रोत साधनहरूको उपलब्धता :**

शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति :**

शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. **समय र विद्यार्थी सङ्ख्या :**

उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ । ७. **शिक्षकको योग्यता, क्षमता र रुचि :**

शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## ६.४ सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित

महागढीमाई नगरपालिका

सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. **आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

२. **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

३. **सहयोगात्मक कक्षा** : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

४. **परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

५. **छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

६. **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

७. **सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सिर्जनात्मक कला प्रस्तुत गर्ने गर्न सकिन्छ ।

८. **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

९. **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१०. **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

११. **भ्रमण** : महागढीमाई नगरपालिकाका विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१२. **प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

# परिच्छेद ७ : विद्यार्थी मूल्याङ्कन (कक्षा १-३)

## ७.१ विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको

मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ ।

कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभूत तहको कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रमअनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ ।

## ७.२ सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम् सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी

विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## ७.३ मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (एयचतायष्यि) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

**कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नानुसार हुने छ :**

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिपमा प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

# स्थानीय पाठ्यक्रम

## आधारभूत तह

## (कक्षा ४-५)

## परिच्छेद ८ : स्थानीय पाठ्यक्रम (कक्षा ४)

### ८.१ सिकाइ सक्षमता/उद्देश्य

महागौरीनगरपालिका

(क) महागढीमाई नगरपालिकाको परिचय तथा जातीय, भाषिक, जनसङ्ख्या र भूगोलबारे जानकारी दिन

(ख) आफ्नो वडा कार्याल्यबाट प्राप्त हुने शिक्षा, स्वास्थ्य, घटना अभिलेखीकरण जस्ता सेवा, स्थानीय सङ्घसंस्था पहिचान तथा स्थानीय व्यक्तित्वको योगदान बताउन

(ग) चाडपर्व र लोकबाजाको सूची बनाई परिचय दिन

(घ) प्राकृतिक र सांस्कृतिक सम्पदा पहिचान गरी महत्व बताउन

(ङ) करेसाबारी, तरकारी खेती, दलहन बाली, पशुपन्छी पालनको परिचय दिन

(च) स्थानीय सिप तथा प्रविधि र आधुनिक प्रविधिको परिचय, महत्व र प्रयोग बताउन

(छ) मौसम परिवर्तनले स्वास्थ्यमा पार्ने प्रभाव, घर, विद्यालय र सांस्कृतिक स्थलको सरसफाइ तथा जडीबुटी (अदुवा, लसुन, निम)को उपयोगिता बताउन

(ज) फुलफूल उत्पादन र भण्डारण, सन्तुलित भोजन तथा समोसा र जलेबी बनाउने तरिका बताउन

(झ) बाल कवितामार्फत भोजपुरी भाषामा भाषिक सिपको विकास गर्न तथा लोकगीत र नृत्यमा सहभागी हुन

(ञ) खेलकुदको महत्व बताई स्थानीय खेलमा सहभागी हुन, ध्यान र योग (सूर्य नमस्कार, कपालभाती) को फाइदा बताउन र सहभागी हुन, असल संस्कारका बारेमा बताउन

(ट) प्राकृतिक विपद्का कारण र बच्ने उपाय बताउन तथा समाजका कुरीति पहिचान गर्न

## ८.२ विषयक्षेत्र, क्रम र विस्तृतीकरण

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण सम्भाव्य क्रियाकलाप | शैक्षणिक सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. | हाम्रो नगर परिचय | (क) महागढीमाई नगरपालिकाको नक्सा बनाउन<br>(ख) महागढीमाई नगरपालिकाभित्र बसोबास गर्ने जातीय समुदायको सूची बनाउन<br>(ग) महागढीमाई नगरपालिकाको जनसङ्ख्या (कुल, महिला, पुरुष, | (क) महागढीमाई नगरपालिकाको नक्सा प्रदर्शन गर्नुहोस् र हेरेर पालिकाको नक्सा बनाउने अभ्यास गराउनुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकाभित्र बसोबास गर्ने जातीय समुदाय (यादव, थारु, मुस्लिम .....) को सूची बनाउन लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । | नगरपालिकाको नक्सा, जनसङ्ख्या तालिका, जातीय समुदायको सूची | (क) महागढीमाई नगरपालिकाको नक्सा बनाउनुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकाको कुल क्षेत्रफल कति रहेको छ ?<br>(ग) महागढीमाई नगरपालिकाको चारकिल्लाका सिमाना भन्नुहोस् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | साक्षरता) बताउन<br>(घ) महागढीमाई नगरपालिकाको भूगोलबारे जानकारी दिन | (ग) राष्टि«य जनगणना २०७८ अनुसारको महागढीमाई नगरपालिकाको जनसङ्ख्या (कुल, महिला, पुरुष, साक्षरता) टिपोट गरी प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(घ) महागढीमाई नगरपालिकाको भूगोल ( क्षेत्रफल, जमिन, सिमाना, हावापानी) बारे छलफल गरी परिचय भन्न लगाउनुहोस् । | | |
| २. | स्थानीय सरकार र सामाजिक व्यक्तित्व | (क) वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधाबारे बताउन<br>(ख) शिक्षा, स्वास्थ्य, घटना अभिलेखीकरण जस्ता वडाबाट प्रप्त हुने सेवाबारे बताउन<br>(ग) स्थानीय सङ्घसंस्था पहिचान गरी सूची तयार गर्न<br>(घ) स्थानीय व्यक्तित्व (हिरन्य विक्रम साह, बुद्धि विक्रम साह, यमुना सिंह चौधुर) को परिचय बताउन | (क) वडा कार्यालयबाट प्राप्त हुने सेवाको सूची बनाउन लगाउनुहोस् ।<br>(ख) शिक्षा, स्वास्थ्य, घटना अभिलेखीकरण जस्ता वडाबाट प्रप्त हुने सेवाबारे छलफल गरी पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) महागढीमाई नगरपालिकाभित्र रहेका स्थानीय सङ्घसंस्था पहिचान गरी सूची तयार गरी प्रस्तुतिको अवसर दिनुहोस् ।<br>(घ) हिरन्य विक्रम साह, बुद्धि विक्रम साह, यमुना सिंह चौधुर जस्ता स्थानीय व्यक्तिको जीवनी सङ्कलन गरी पालैपालो परिचय भन्न लगाई शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । | वडा कार्यालयको तस्बिर, सङ्घसंस्थाको तस्बिर, स्थानीय व्यक्तित्वको तस्बिर | (क) वडा कार्यालयबाट पाइने सेवा के के हुन् ?<br>(ख) तपाइँको नगरपालिकाभित्र कुन कुन सङ्घसंस्थाले काम गर्दछन् ?<br>(ग) हिरन्य विक्रम साहको परिचय दिनुहोस् । |
| ३. | हाम्रो | (क) रक्षाबन्धन, | (क) विद्यार्थीलाई चाडपर्वको | चाडपर्वका | (क) रक्षाबन्धन पर्व |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्कृति | जाटजाटिन, झिझिया, बकरइद पर्वका बारेमा सामान्य जानकारी दिन<br>(ख) तासा, सहनाइ, सिङ्हा बाजाका बारेमा बताउन<br>(ग) चाडपर्व र लोकबाजाको सांस्कृतिक महत्व बताउन | सांस्कृतिक महत्व बारे जानकारी गराएर वैशाख महिनादेखि चैत्र महिनासम्मका चाडपर्व ( जुडशीतल, साउनेपूजा ... चैते दसैं) को सूची तयार पार्न लगाउनुहोस् ।<br>(ख) रक्षाबन्धन, जाटजाटिन, झिझिया, बकरइद पर्वबारे छलफल गराई पालैपालो ती पर्वका बारेमा भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) तासा, सहनाइ, सिङ्हा बाजाका बारेमा कक्षामा छलफल गर्नुहोस् र बाजाबारे जानेका विषयवस्तु पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) चाडपर्व र लोकबाजाको सांस्कृतिक महत्व बारे छलफल गराई निष्कर्ष सुनाउने अवसर दिनुहोस् । | चित्र, तासा, सहनाइ, सिङ्हा जस्ता बाजाका चित्र | कसरी मनाइन्छ ?<br>(ख) सहनाइ कसरी बजाइने बजा हो ?<br>(ग) झिझिया पर्व र नृत्यको के महत्व छ ? |
| ४. | हाम्रा सांस्कृतिक र प्राकृतिक सम्पदा | (क) महागढीमाई मन्दिरको परिचय र सांस्कृतिक महत्व बताउन<br>(ख) सबै वडाका सांस्कृतिक सम्पदाको सूची तयार पार्न<br>(ग) मस्जिदको परिचय र महत्व बताउन<br>(घ) गढीमाई फूलबारीको परिचय | (क) गढीमाई मन्दिरको तस्बिर प्रदर्शन गरी छलफल गराउनुहोस् र पालैपालो यस मन्दिरको परिचय र सांस्कृतिक महत्व भन्ने अवसर विद्यार्थीलाई दिनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकाभित्रका सबै वडाका सांस्कृतिक सम्पदाको सूची तयार पार्न लगाई प्रस्तुतिको अवसर प्रदान | गढीमाई मन्दिर, गढीमाई फूलबारीको चित्र | (क) गढीमाईको मेला कति कति वर्षमा लाग्दछ ?<br>(ख) गढीमाई मन्दिरको पूर्व पिपलबोटसँगै केको स्थान छ ?<br>(ग) गढीमाईका बहिनीहरूको नाम के के हो ?<br>(घ) गढीमाईको फूलबारीको के |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दिन | गर्नुहोस् ।<br>(ग) छलफल गरी मस्जिदको परिचय र महत्व भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(घ) गढीमाई फूलबारीबारे छलफल गरी पालैपालो फूलबारीको परिचय भन्न लगाउनुहोस् । | | महत्व रहेको छ ?<br>(ङ) मस्जिदको परिचय दिनुहोस् । |
| ५. | कृषि, पशुपन्छी र माछापालन | (क) करेसाबारीको परिचय दिन<br>(ख) करेसाबारीमा लगाइने तरकारी र फलफूलबारे बताउन<br>(ग) आफ्नो वरिपरि उत्पादन हुने तरकारी र दलहन बाली पहिचान गर्न<br>(घ) गाईपालन, कुखुरापालन, माछापालनको सामान्य परिचय दिन | (क) खेत, बारी, खेतीपाती, पशुपन्छी आदिको चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरण जगाउनुहोस् ।<br>(ख) पालैपालो विद्यार्थीलाई करेसाबारीको परिचय भन्न लगाउनुहोस् ।<br>(ग) अआफ्ना करेसाबारीमा लगाइएका तरकारी र फलफूलको नाम भन्न लगाउनुहोस् ।<br>(घ) आफ्नो वरिपरि उत्पादन हुने तरकारी र दलहन ( खेसारी, मुसुरो, रहर ...) बालीको नाम टिपोट गर्न लगाई कक्षामा सुनाउन उत्प्रेरित गर्नुहोस् ।<br>(ङ) गाईपालन, कुखुरापालन, माछापालनबारे समूहमा छलफल गराउनुहोस् र आफूले जानेका कुरा पालैपालो विद्यार्थीलाई भन्न लगाउनुहोस् । शिक्षकले | तरकारीका चित्र, फलफूलका चित्र, दालका चित्र, गाई, कुखुरा र माछाका चित्र | (क) करेसाबारी केलाई भनिन्छ ?<br>(ख) तपाईंको घर वरिपरि कुन कुन बाली लगाइएको छ ?<br>(ग) गाईपालनबाट के फाइदा हुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ६. | स्थानीय र आधुनिक प्रविधि तथा बजार | (क) माटो, काठ, फलाम, बाँसबाट निर्माण गरिएका आधारमा स्थानीय प्रविधिको वर्गीकरण गर्न<br>(ख) स्थानीय प्रविधिको महत्व र प्रयोग गर्ने तरिका बताउन<br>(ग) स्थानीय उद्योग तथा व्यवसायको नाम भन्न<br>(घ) स्थानीय उत्पादनको सूची तयार पारी बजारीकरणको आवश्यकता बताउन<br>(ङ) सञ्चार, स्वास्थ्य र कृषि क्षेत्रमा उपयोग गरिने आधुनिक प्रविधिको सूची तयार पार्न<br>(च) आधुनिक प्रविधिको उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू बताउन | (क) स्थानीय प्रविधिको सूची तयार पार्न लगाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ख) माटो, काठ, फलाम, बाँसबाट निर्माण गरिएका आधारमा स्थानीय प्रविधिको वर्गीकरण गर्न लगाउनुहोस् ।<br>(ग) स्थानीय प्रविधिको महत्व र प्रयोग गर्ने तरिकाबारे छलफल गरी निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) महागढीमाई नगरपालिकाभित्र रहेका उद्योग तथा व्यवसायको सूची बनाउन लगाई प्रस्तुतिको अवसर दिनुहोस् ।<br>(ङ) स्थानीय उत्पादनको सूची तयार पारी बजारसम्म पुऱ्याउने तरिकाबारे छलफल गर्नुहोस् । विद्यार्थीलाई पालैपालो बजारीकरणको आवश्यकताबारे भन्न लगाउनुहोस् ।<br>(च) सञ्चार (मोबाइल), स्वास्थ्य (आला) र कृषि<br>(थ्रेसर, ट्याक्टर) क्षेत्रमा उपयोग गरिने आधुनिक प्रविधिको सूची तयार गर्न लगाउनुहोस् र प्रस्तुतिको अवसर दिनुहोस् । | माटो, काठ, फलाम, बाँसबाट बनेका वस्तुका चित्र, मोबाइल, स्थोस्कोपको चित्र, ट्याक्टरको चित्र | (क) कुनै पाँचओटा आधुनिक प्रविधिको नाम भन्नुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकाभित्र रहेका स्थानीय उद्योग कुन कुन हुन् ?<br>(ग) मोबाइल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (च) आधुनिक प्रविधिको उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे छलफल गराउनुहोस् र छलफलका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ७. | स्वास्थ्य, सरसफाइ र जडीबुटी | (क) जाडो मौसममा हुने स्वास्थ्य समस्या र यसबाट बच्ने उपाय बताउन<br>(ख) गर्मी मौसममा हुने स्वास्थ्य समस्या र यसबाट जोगिने उपाय बताउन<br>(ग) घर, विद्यालय, मठमन्दिर सरसफाइ गर्दा हुने फाइदा बताउन<br>(घ) जडीबुटीको परिचय दिन<br>(ङ) आदी, लसुन, निम प्रयोग गर्दा हुने फाइदा बताउन | (क) छलफल गरी जाडो मौसममा हुने स्वास्थ्य समस्याको सूची बनाउनुहोस् र यसबाट बच्ने उपायबारे विद्यार्थीका धारणा बुझी शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) गर्मी मौसममा हुने स्वास्थ्य समस्या र यसबाट जोगिने उपायबारे समूहमा छलफल गरी पालैपालो निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) घर, विद्यालय, मठमन्दिर सरसफाइ गर्दा हुने फाइदाको सूची तयार गर्न लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(घ) जडीबुटीबारे छलफल गराई यसको परिचय पालैपालो भन्ने अवसर दिनुहोस् ।<br>(ङ) आदी, लसुन, निम प्रयोग गर्दा हुने फाइदाबारे छलफल गराई निष्कर्ष सुनाउने अवसर दिनुहोस् । छलफलका क्रममा शिक्षकले आवश्यक | सरसफाइ गरेको चित्र, अदुवा, लसुन, निमको चित्र | (क) जाडो मौसममा किन शरीरिको छाला सुख्खा हुन्छ ?<br>(ख) गर्मी मौसममा हुने स्वास्थ्य समस्या के के हुन् ?<br>(ग) अदुवा सेवन गर्नाले के फाइदा हुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहजीकरण गरिदिनुहोस् । | | |
| ८. | खाद्य सुरक्षा, पोषण र पाककला | (क) पालिकामा उत्पादन हुने फलफूलको सूची बनाउन<br>(ख) फलफूल (केरा, आँम) भण्डारण गर्ने तरिका बताउन<br>(ग) सन्तुलित भोजनको परिचय दिन<br>(घ) सिंघडा र जिलेबी बनाउन चाहिने सामग्रीको सूची बनाउन<br>(ङ) सिंघडा (समोसा) र जिलेबी बनाउने तरिका बताउन | (क) खाद्य सामग्रीको चित्र प्रदर्शन गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।<br>(ख) महागढीमाई नगरपालिकामा उत्पादन हुने फलफूलको सूची तयार गर्न लगाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ग) केरा, आँप जस्ता फलफूल भण्डारण गर्ने तरिकाबारे छलफल गर्नुहोस् ।<br>(घ) छलफल गरी विद्यार्थीलाई सन्तुलित भोजनका बारेमा भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ङ) सिंघडा (समोसा) र जिलेबी बनाउन चाहिने सामग्रीको सूची बनाउन लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(च) सिंघडा (समोसा) र जिलेबी बनाउने तरिकाबारे छलफल गरी पकाउने अभ्यास पनि गराउनुहोस् । | खाद्य वस्तुका चित्र, आँप र केराका चित्र, समोसा र जलेबीको चित्र | (क) केरा कसरी पकाइन्छ ?<br>(ख) आँपलाई धेरै दिनसम्म राख्नका लागि के के गर्नुपर्छ ?<br>(ग) सन्तुलित भोजन भनेको के हो ?<br>(घ) सिंघडा बनाउने तरिका भन्नुहोस् । |
| ९. | मातृभाषा, लोकगीत र साहित्य | (क) सुर, विश्राम, गति मिलाई भोजपुरी भाषामा बाल कविता गाउन<br>(ख) कवितामा प्रयुक्त शब्दको अर्थ भन्न<br>(ग) बुझ (बोध) का आधारमा उत्तर दिन | (क) पाठमा निर्दिष्ट कविता सुर, विश्राम, गति मिलाई गाउन लगाउनुहोस् ।<br>(ख) कवितामा प्रयुक्त शब्दको अर्थ खोज्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) बुझ (बोध) का आधारमा | कविता चार्ट, शब्द र अर्थ सूची | (क) बाल कविता पालैपालो गाउनुहोस् ।<br>(ख) कविताभित्र भएका कुनै दुईओटा नयाँ शब्द भन्नुहोस् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) उपयुक्त शब्द राखी कविता पूरा गर्न<br>(ङ) भोजपुरी मातृभाषाका बालगीत गाउन<br>(च) झिझिया, छठ गीत गाउन र नाच्न | प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।<br>(घ) उपयुक्त शब्द राखी कविता पूरा गर्न लगाउनुहोस् र सुर हालेर गाउन उत्प्रेरित गर्नुहोस् ।<br>(ङ) भोजपुरी मातृभाषाका बालगीत सङ्कलन गरिदिनुहोस् र सुरमा गाउन सिकाउनुहोस् ।<br>(च) झिझिया, छठ गीत गाउन र नाच्न उत्प्रेरित गर्नुहोस् । | | |
| १०. | खेलकुद, योग र नैतिक शिक्षा | (क) खेलकुदको महत्व बताउन<br>(ख) कबडी, पहलमानी खेल खेल्ने तरिका बताउन<br>(ग) पहलमानी, कबडीमा सहभागी हुन<br>(घ) ध्यान र योगको परिचय बताउन<br>(ङ) कपालभाती र सूर्य नमस्कारका फाइदा बताई अभ्यास गर्न<br>(च) असल संस्कारका बारेमा बताउन<br>(छ) ज्येष्ठ नागरिकप्रति सम्मानको भावना | (क) खेलकुदबारे छलफल गराई यसको महत्व विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।<br>(ख) कबडी, पहलमानी ( कुस्ती, लडाइँ) जस्ता स्थानीय स्तरमा पनि खेलिने राष्टि«य खेल्ने तरिकाबारे छलफल गर्नुहोस् र पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) पहलमानी, कबडी खेलमा सहभागी हुने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) ध्यान र योगबारे छलफल गराई यसको परिचय भन्न लगाउनुहोस् ।<br>(ङ) कपालभाती र सूर्य नमस्कारका फाइदा बताई अभ्यास गराउनुहोस् । | कबडी, पहलमानी खेलेको चित्र, ध्यान र योगासनका चित्रहरू | (क) कबडी खेलमा कति जना खेलाडी हुन्छन् ?<br>(ख) पहलमानी खेल कसरी खेलिन्छ ?<br>(ग) कपालभातीको अभ्यास गरेर देखाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास गर्न | (च) असल संस्कारबारे कक्षामा छलफल गराई पालैपालो भन्ने अवसर दिनुहोस् ।<br>(छ) ज्येष्ठ नागरिकप्रति सम्मानको भावना विकास गर्न सिकाउनुहोस् । | | |
| ११. | विपद् व्यवस्थापन र सामाजिक कुरीति | (क) बाढी, डुबान, चट्याङ, आगलागी जस्ता प्राकृतिक विपत्तिको परिचय दिन<br>(ख) प्राकृतिक विपद्को कारण बताउन<br>(ग) प्राकृतिक विपद्बाट बच्ने उपाय बताउन<br>(घ) सामाजिक कुरीति पहिचान गर्न | (क) बाढी, डुबान, चट्याङ, आगलागी जस्ता प्राकृतिक विपत्तिका चित्र प्रदर्शन गरी यसको परिचय पालैपालो भन्न लगाउनुहोस् ।<br>(ख) प्राकृतिक विपत्तिको कारणबारे छलफल गरी सूची बनाउन लगाउनुहोस् ।<br>(ग) प्राकृतिक विपद्बाट बच्ने उपायबारे छलफल गराई पालैपालो विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् ।<br>(घ) सामाजिक कुरीति के के हुन् भन्नेबारे विद्यार्थीको धारणा बुझी शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् र सामाजिक कुरी पहिचान गराउनुहोस् । | बाढी, डुवान, चट्याङ, आगलागी आदिको चित्र, संस्कृति र विकृतिको सूची | (क) कुनै तीनओटा प्राकृतिक विपत्तिको नाम भन्नुहोस् ।<br>(ख) संस्कृतिका नाममा कुन कुन विकृति हुने गरेका छन् ? |

# परिच्छेद ९ : स्थानीय पाठ्यक्रम (कक्षा ५)

## ९.१ सिकाइ सक्षमता/उद्देश्य

(क) नामकरण गर्नुको आधार, वडासङ्ख्या, भूगोल, जातीय र भाषिक परिचानसहित महागढीमाई नगरपालिकाको परिचय दिन

(ख) वडा समिति, यसको गठन प्रक्रिया, नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधा, स्थानीय सङ्घसंस्थाको महत्व र स्थानीय व्यक्तित्वको योगदान बताउन

(ग) चाडपर्वहरू (बकरइद, जाटजाटिन, झिझिया, समाचकेवा, छठ) र लोकबाजाहरू (तासा, सहनाइ, खुरदक, ढोल) को परिचय दिन

(घ) गढीमाई मन्दिरको सांस्कृतिक महत्व तथा पोखरी, पार्क र फूलबारीको महत्व बताउन

(ङ) तरकारी, खाद्यबाली, फलफूल खेती, पशुपन्छी र माछापालनको परिचय र महत्व बताउन

(च) स्थानीय सिप तथा प्रविधि र आधुनिक प्रविधिको प्रयोग र बजारका बारेमा बताउन

(छ) लामखुट्टेका कारण हुने स्वास्थ्य समस्या र समाधानका उपाय, फोहोर सङ्कलन र व्यवस्थापन, जडीबुटी ( सेन्धानमक, औरा, हरदी, निमो, ल्वाङ) को उपयोगिता बताउन

(ज) खाद्य पदार्थको भण्डारण, सात्विक भोजन तथा परिकार (भात, दाल, तरकारी, चोखाचटनी, गहुँको सुख्खा रोटी) बनाउने तरिका बताउन

(झ) बालकथामार्फत भोजपुरी भाषामा भाषिक सिप र शब्दभण्डारको विकास गर्न तथा लोकगीत र नृत्यमा सहभागी हुन

(ञ) घरभित्र र घरबाहिर खेलिने खेलमा भाग लिन, कोणासन, वृक्षासन, सर्वाङ्गीण व्यायामका फाइदा बताई अभ्यास गर्न, असल विद्यार्थीका गुण बताउन

(ट) प्राकृतिक तथा मानवजन्य विपद् पहिचान गरी विपद्बाट बच्ने उपाय भन्न तथा सामाजिक कुरीति विरुद्ध स्लोगन (नारा) तयार पार्न

## ९.२ विषयक्षेत्र, क्रम र विस्तृतीकरण

| क्र.सं. | विषयक्षेत्र | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण सम्भाव्य | शैक्षणिक | मूल्याङ्कन |
|---|---|---|---|---|---|

महागढीमाई नगरपालिका

| | | | क्रियाकलाप | सामग्री | |
|---|---|---|---|---|---|
| १. | हाम्रो नगर परिचय | (क) वडासहितको महागढीमाई नगरपालिकाको नक्सा बनाउन<br>(ख) नगरपालिकाको नाम महागढीमाई रहनुको कारण वा आधार बताउन<br>(ग) महागढीमाई नगरपालिकाको वडासङ्ख्या र सिमाना बताउन<br>(घ) जातीय र भाषिक समुदायका आधारमा महागढीमाई नगरपालिकाको चिनारी बताउन | (क) प्रत्येक विद्यार्थीलाई वडासहितको महागढीमाई नगरपालिकाको नक्सा बनाउन लगाउनुहोस् ।<br>(ख) नगरपालिकाको नाम महागढीमाई रहनुको कारण वा आधारबारे छलफल गराउनुहोस् र कारण कक्षामा सुनाउने अवसर दिनुहोस् ।<br>(ग) महागढीमाई नगरपालिकाको वडासङ्ख्या र सिमानाबारे छलफल गराई छिमेकी वडा र पालिकाको नाम भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) जातीय र भाषिक समुदायका आधारमा महागढीमाई नगरपालिकाको परिचय पालैपालो भन्न लगाउनुहोस् । | नगरपालिकाको नक्सा, जनसङ्ख्या तालिका, जातीय समुदायको सूची | (क) महागढीमाई नगरपालिकाको नक्सा बनाएर मुख्य मुख्य ठाउँ सङ्केत गर्न लगाउनुहोस् ।<br>(ख) नगरपालिकाको नाम किन महागढीमाई राखिएको हो ?<br>(ग) महागढीमाई नगरपालिका साविकका कुन कुन गाउँ विकास समिति मिलाएर बनाइएको हो ? |
| २. | स्थानीय सरकार र सामाजिक व्यक्तित्व | (क) वडा कार्यपालिका गठन प्रक्रिया बताउन<br>(ख) नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधाबारे भन्न<br>(ग) स्थानीय स्तरमा क्रियाशील सरकारी र गैरसरकारी सङ्घसंस्था पहिचान गर्न | (क) वडा कार्यपालिका गठन प्रक्रियाबारे छलफल गरी वडाका निर्वाचित जनप्रतिनिधि नाम र पद राखेर कार्यपालिकाको सांगठनिक तालिका बनाउन लगाउनुहोस् ।<br>(ख) नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधाबारे छलफल गरी सूची तयार गर्नुहोस् र कक्षामा पालैपालो सुनाउने अवसर प्रदान गर्नुहोस् । | वडा कार्यालयको तस्बिर, सङ्घसंस्थाको तस्बिर, स्थानीय व्यक्तित्वको तस्बिर | (क) वडा कार्यपालिका कसरी गठन गरिन्छ ?<br>(ख) नगरपालिकाबाट प्राप्त गर्ने सेवा के के हुन् ?<br>(ग) तपाइँको नगरपालिकामा भएका सरकारी सङ्घसंस्थाको सूची बनाउनुहोस् ।<br>(घ) शिक्षा र समाजसेवाको क्षेत्रमा |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) स्थानीय व्यक्तित्व (भोला साह, भगवान चौधरी, विश्वनाथ साह) को योगदान बताउन | (ग) स्थानीय स्तरमा क्रियाशील सरकारी र गैरसरकारी सङ्घसंस्थाको सूची तयार पार्न लगाउनुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(घ) भोला साह, भगवान चौधरी, विश्वनाथ साहले बारा जिल्लामा गरेका योगदानबारे छलफल गराई निष्कर्ष कक्षामा प्रस्तुतीको अवसर प्रदान गर्नुहोस् । | | भोला साहले के योगदान गरेका छन् ? |
| ३. | हाम्रो संस्कृति | (क) दसहरा, समाचकेवा, कार्तिक स्नान, रोजा, विवाह पञ्चमी, वसन्त पञ्चमी पर्वको परिचय दिन<br>(ख) बाँसुरी, खुरदक, ढोलक बाजाको परिचय दिन<br>(ग) नगरपालिकाभित्र बसोबास गर्ने जातजातिको सूची तयार<br>(घ) जन्म मृत्यु संस्कार बताउन | (क) दसहरा, समाचकेवा, कार्तिक स्नान, रोजा, विवाह पञ्चमी, वसन्त पञ्चमी पर्वबारे पालैपालो छलफल गर्नुहोस् । प्रत्येक पर्वका बारेमा विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) बाँसुरी, खुरदक, ढोलक बाजाको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् र प्रत्येक बाजाका बारेमा पालैपालो प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ग) नगरपालिकाभित्र बसोबास गर्ने जातजातिको सूची तयार पार्न लगाउनुहोस् र सूचनामा पाटीमा टाँस्न उत्प्रेरित गर्नुहोस् ।<br>(घ) जन्म मृत्यु संस्कारबारे | चाडपर्वका चित्र, बाँसुरी, खुरदक, ढोल जस्ता बाजाका चित्र | (क) वसन्त पञ्चमीमा कसको पूजा गरिन्छ ?<br>(ख) बाँसुरी कसरी बजाइन्छ ?<br>(ग) यादव समुदायको जन्म संस्कारबारे पाँच वाक्यमा वर्णन गर्नुहोस् । |

महागढीमाई नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छलफल गरी जातिअनुसारको संस्कार भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ४. | हाम्रा सांस्कृतिक र प्राकृतिक सम्पदा | (क) रामजानकी मठ, शिव मन्दिर, झखुलीमाई, बौद्धिमाई, नाथ बाबा आदि मठमन्दिरको सांस्कृतिक महत्व बताउन<br>(ख) गढीमाई पोखरीको परिचय र सांस्कृतिक महत्व बताउन<br>(ग) मन्दिर र मस्जिदको धार्मिक तथा सांस्कृतिक महत्व बताउन<br>(घ) प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धन गर्न | (क) रामजानकी मठ, शिव मन्दिर, झखुलीमाई, बौद्धिमाई, नाथ बाबा आदि मठमन्दिरको चित्र प्रदर्शन गरी छलफल गर्नुहोस् र विद्यार्थीलाई पालैपालो ती मन्दिरको सांस्कृतिक महत्व भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) गढीमाई पोखरीका बारेमा छलफल गरी यसको परिचय र सांस्कृतिक महत्व भन्न अवसर प्रदान गर्नुहोस् ।<br>(ग) मन्दिर र मस्जिदको धार्मिक तथा सांस्कृतिक महत्व बारे छलफल गराएर निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।<br>(घ) प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धनका लागि नगरपालिकाका गरेका असल अभ्यासबारे जनप्रतिनिधिसँग छलफल गर्नुहोस् र निष्कर्ष कक्षामा सुनाउन लगाउनुहोस् । | रामजानकी मठ, शिव मन्दिर, झखुलीमाई, बौद्धिमाई, नाथ बाबा मन्दिरको चित्र, गढीमाई पोखरीको चित्र, मस्जिदको चित्र | (क) रामजानकी मठमा ककसको प्रतिमा राखिएको हुन्छ ?<br>(ख) बौद्धिमाई मन्दिर कति नम्बर वडामा पर्दछ ?<br>(ग) गढीमाई पोखरीको महत्व बताउनुहोस् ।<br>(घ) सांस्कृतिक सम्पदा संरक्षणका लागि पालिकाले गरेका कामको सूची तयार पार्नुहोस् । |
| ५. | कृषि, पशुपन्छी र | (क) तरकारी खेतीबाट हुने फाइदा | (क) तरकारी खेतीबाट हुने आर्थिक र वातावरणीय फाइदाबारे छलफल गरी | तरकारीका चित्र, धान, गहुँ, मकैको | (क) तरकारी खेतीबाट के के फाइदा हुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | माछापालन | बताउन<br>(ख) खाद्यबाली (धान, गहुँ, मकै) को सामान्य परिचय दिन<br>(ग) फलफूल खेती ( आँम, कटहर, केरा) गर्ने तरिका बताउन<br>(घ) भैँसीपालन, हाँसपालन, माछापालनको परिचय र महत्व बताउन | विद्यार्थीलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ख) धान, गहुँ, मकै खेती गर्ने तरिका र खाद्यबालीको आवश्यकताबारे छलफल गरी प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।<br>(ग) आँम, कटहर, केरा जस्ता फलफूलको परिचय र महत्व बारे छलफल गर्नुहोस् ।<br>(घ) भैँसीपालन, हाँसपालन, माछापालनको परिचय र महत्व बारे छलफल गरी प्रत्येकका बारेमा पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । | चित्र, आँम, कटहर, केराको चित्र, भैँसी, हाँस, माछाको चित्र | (ख) आँम खेती कसरी गरिन्छ ?<br>(ग) दुधबाट के के बनाइन्छ ?<br>(घ) माछापालन गर्ने गरिका भन्नुहोस् । |
| ६. | स्थानीय र आधुनिक प्रविधि र बजार | (क) स्थानीय आवश्यकताका आधारमा स्थानीय सिप छनोट गर्न<br>(ख) स्थानीय प्रविधि ( बयलगाढा) को परिचय दिन<br>(ग) स्थानीय उत्पादनलाई बजारीकरण गर्न<br>(घ) डिजिटल साक्षरता हाँसिल गर्न<br>(ङ) नगरपालिकाभित्र प्रयोगमा आएका यातायातका साधनले दैनिक जीवनमा पारेको प्रभाव बताउन | (क) छलफल गराई स्थानीय आवश्यकताका आधारमा स्थानीय सिप छनोट गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) बयलगाढाको बनोट, प्रयोग र महत्व बारे छलफल गराउनुहोस् र पालैपालो विद्यार्थीलाई भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) स्थानीय उत्पादन ( काठका सामान, माटाका सामान, बाँसबाट बनाइएका सामान) लाई बजारीकरण गर्ने तरिका र भूमिकाबारे छलफल गराउनुहोस् र शिक्षकले आवश्यक | माटो, काठ, फलाम, बाँसबाट बनेका वस्तुका चित्र, बयलगाढाको चित्र | (क) बयलगाढा कुन कुन कामका लागि प्रयोग गरिन्छ ?<br>(ख) स्थानीय सिप र प्रविधिलाई कसरी बजारसम्म पुऱ्याउन सकिन्छ ?<br>(ग) डिजिटल साक्षरता भनेको के हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (च) इन्टरनेट तथा विभिन्न एपका माध्यमबाट सूचना आदानप्रदान गर्न | सहजीकरण गर्नुहोस् ।<br>(घ) संवादात्मक शैलीमा डिजिटलसम्बन्धी छलफल गर्नुहोस् र यसको प्रयोगले हुने फाइदा पालैपालो भन्न लगाउनुहोस् ।<br>(ङ) नगरपालिकाभित्र चल्ने विभिन्न यातायातका साधनले दैनिक जीवनमा पारेको प्रभावबारे छलफल गराउनुहोस् र यातायातका साधनबाट सहज बनेका क्रियाकलापबारे पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(च) इन्टरनेट तथा विभिन्न एपका माध्यमबाट सूचना आदानप्रदान गर्न सिकाउनुहोस् । | | |
| ७. | स्वास्थ्य, सरसफाइ र जडीबुटी | (क) लामखुट्टेको टोकाइका कारण सर्ने रोगहरूको सूची बनाउन<br>(ख) लामखुट्टेको टोकाइबाट बच्ने उपाय बताउन<br>(ग) पुनः प्रयोग गर्न सकिने र नसकिने फोहोर पहिचान, सङ्कलन र व्यवस्थापन गर्न<br>(घ) जडीबुटीको महत्व बताउन | (क) लामखुट्टेको टोकाइका कारण सर्ने रोगहरूको सूची बनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।<br>(ख) लामखुट्टेको टोकाइबाट बच्ने उपायबारे छलफल गरी पालैपालो आआफ्ना धारणा भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) घर, भान्सा, विद्यालय, सार्वजनिक स्थलमा भएको फोहोर सङ्कलन गरी पुनः प्रयोग गर्न सकिने र नसकिने फोहोरको पहिचान गर्न सिकाउनुहोस् र त्यसलाई | सरसफाइ गरेको चित्र, गुर्जो, ल्वाङ, अमलाको चित्र | (क) लामखुट्टेको टोकइबाट कुन कुन रोग लाग्दछ ?<br>(ख) सर्दीमा हुने रुघाखोकीबाट बच्ने घरेलु उपाय के हो ?<br>(ग) पुनः प्रयोग गर्न सकिने फोहोर के के हुन् ?<br>(ग) औरालाई किन बहुगुणकारी फल भनिएको हो ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ङ) सेन्धानमक, औरा, हरदी, निमो, ल्वाङबाट हुने फाइदा बताउन | विभिन्न रङका बास्केटमार्फत व्यवस्थापनका लागि सहज बनाइदिनुहोस् ।<br>(घ) जडीबुटीबारे छलफल गराई यसको परिचय र महत्व पालैपालो भन्ने अवसर दिनुहोस् ।<br>(ङ) सेन्धानमक, औरा, हरदी, निमो, ल्वाङ प्रयोग गर्दा हुने फाइदाबारे छलफल गराई निष्कर्ष सुनाउने अवसर दिनुहोस् । छलफलका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ८. | खाद्य सुरक्षा, पोषण र पाककला | (क) खाद्य पदार्थ ( चामल, गहुँ, पिसन, दाल) को भण्डारण गर्ने तरिका बताउन<br>(ख) सात्विक भोजनको परिचय दिन<br>(ग) खाद्य पदार्थमा पाइने पोषणको महत्व बताउन<br>(घ) दैनिक भोजन ( दाल, भात, तरकारी) पकाउन चाहिने सामग्रीको सूची बनाउन<br>(ङ) भात, सुख्खा रोटी, दाल, सब्जी र चोखाचटनी बनाउने तरिका बताउन | (क) चामल, गहुँ, पिसन, दाललाई चिलेसा वा किरा नलाग्ने गरी भण्डारण गर्ने तरिकाबारे छलफल गराउनुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ख) सात्विक भोजनबारे छलफल गराउनुहोस् ।<br>(ग) खाद्य पदार्थमा पाइने पोषणत महत्व बारे छलफल गराउनुहोस् ।<br>(घ) दाल, भात, तरकारी पकाउन चाहिने सामग्रीको सूची बनाउन लगाउनुहोस् ।<br>(ङ) भात, सुख्खा रोटी, दाल, सब्जी र चोखाचटनी बनाउने तरिका सिकाउनुहोस् । | चामल, गहुँ, पिसन, दालको चित्र, भात, सुख्खा रोटी, सब्जी र चोखाचटनीको चित्र | (क) गहुँको पिठोबाट कुन कुन परिकार बन्दछ ?<br>(ख) सात्विक भोजनभित्र कस्तो भोजन पर्दछ ?<br>(ग) सुख्खा रोटी बनाउने तरिका भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | मातृभाषा, लोकगीत र साहित्य | (क) विश्राम, सुर मिलाई भोजपुरी भाषामा बाल कथा वाचन गर्न<br>(ख) पाठमा प्रयुक्त शब्दको अर्थ भन्न<br>(ग) बुझ (बोध) का आधारमा उत्तर दिन<br>(घ) मातृभाषामा आमाबुबाको जीवनी भन्न<br>(ङ) भोजपुरी मातृभाषाका लोकगीत गाउन र नाच्न | (क) पाठमा निर्दिष्ट कथा विश्राम, सुर मिलाई सस्वरवाचन लगाउनुहोस् ।<br>(ख) कथामा प्रयुक्त शब्दको अर्थ खोज्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।<br>(ग) बोधका आधारमा प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।<br>(घ) मातृभाषाको प्रयोग गरी आमाबुबाको जीवनी सङ्कलन गर्न लगाउनुहोस् र सङ्कलित सूचनाका आधारमा जीवनी लेख्न सिकाउनुहोस् ।<br>(ङ) भोजपुरी भाषाका लोकगीत सङ्कलन गरिदिनुहोस् र लयमा गाउन र नाच्न सिकाउनुहोस् । | कथा चार्ट, शब्द र अर्थ सूची, प्रश्नोत्तर चार्ट | (क) बाल कथा पालैपालो पढ्नुहोस् ।<br>(ख) कथाभित्र भएका कुनै दुईओटा नयाँ शब्द भन्नुहोस् ।<br>(ग) आमा वा बुबाको जीवनी तयार पार्नुहोस् । |
| १०. | खेलकुद, योग र नैतिक शिक्षा | (क) घरभित्र र घरबाहिर खेलिने खेलको सूची तयार पार्न<br>(ख) घरभित्र खेलिने खेल (चेस, बाघबखी) र घरबाहिर खेलिने खेल (हाइजम्प, लङजम्प, छेलो) मा भाग लिन<br>(ग) ध्यान र योगको परिचय र महत्व बताउन | (क) घरभित्र र घरबाहिर खेलिने खेलको सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुतिको अवसर दिनुहोस् ।<br>(ख) घरभित्र खेलिने खेल ( चेस, बाघबखी) र घरबाहिर खेलिने खेल (हाइजम्प, लङजम्प, छेलो) खेल्ने तरिका सिकाएर खेलमा सहभागी गराउनुहोस् ।<br>(ग) ध्यान र योगको परिचय र महत्व पालैपालो भन्ने अवसर दिनुहोस् । | चेस, बाघबखी, हाइजम्प, लङजम्प, छेलोको चित्र, योग गरेको चित्र | (क) बाघबखी खेलमा कतिओटा बाग र बखी हुन्छन् ?<br>(ख) कोणासनका फाइदा के के हुन् ?<br>(ग) असल विद्यार्थीका गुणहरू के के हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) कोणासन, वृक्षासन, सर्वाङ्गीण व्यायामका फाइदा बताई अभ्यास गर्न<br>(ङ) असल विद्यार्थीका गुणहरू बताउन<br>(च) सकारात्मक सोच र बानी विकास गर्न | (घ) कोणासन, वृक्षासन, सर्वाङ्गीण व्यायामका फाइदा बताई अभ्यास गर्न लगाउनुहोस् ।<br>(ङ) असल विद्यार्थीका गुणहरूबारे छलफल गराई पालैपालो आफ्ना असल गुण सुनाउने मौका दिनुहोस् ।<br>(च) सकारात्मक बानी र सोचाइ विकास गर्ने तरिकाबारे छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । | | |
| ११. | विपद् व्यवस्थापन र सामाजिक कुरीति | (क) प्राकृतिक तथा मानवजन्य विपद्को सूची तयार पार्न<br>(ख) भूकम्पको कारण र बच्ने सम्भावित उपाय बताउन<br>(ग) बालविवाह, छुवाछुत, दहेजप्रथा विरुद्ध स्लोगन (नारा) तयार पार्न<br>(घ) छुवाछुत, दहेजप्रथा, बालविवाह विरुद्ध सचेतना फैंलाउन | (क) विद्यार्थीलाई प्राकृतिक तथा मानवजन्य विपद्को सूची तयार पार्न लगाई प्रस्तुतिको अवसर दिनुहोस् ।<br>(ख) भूकम्पबारे छलफल गराई यसको कारण र बच्ने सम्भावित उपाय पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् ।<br>(ग) बालविवाह, छुवाछुत, दहेजप्रथा विरुद्ध स्लोगन ( नारा) तयार पार्न लगाई प्रदर्शन गर्न लगाउनुहोस् ।<br>(घ) छुवाछुत, दहेजप्रथा, बालविवाह विरुद्ध सचेतना फैंलाउनेबारे छलफल गराउनुहोस् । | स्लोगन चार्ट, भूकम्पको सङ्केत चित्र | (क) प्राकृतिक र मानवजन्य विपत्तिको नाम भन्नुहोस् ।<br>(ख) भूकम्प के हो ?<br>(ख) भूकम्पबाट बच्ने उपाय के के हुन् ?<br>(ग) दहेज प्रथा विरुद्ध स्लोगन बनाउनुहोस् । |

# परिच्छेद १० : सिकाइ सहजीकरण प्रक्रिया (कक्षा ४ र ५)

## १०.१ सिकाइ सहजीकरण

स्थानीय पाठ्यक्रम आधारभूत तह कक्षा १ देखि ५ का लागि निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । कक्षालाइ सिकाइमुखी र विद्यार्थीलाई स्थानीय परिवेशमा क्रियाशील र सिकाइकेन्द्री बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता र सिकाइ उपलब्धि, विषयवस्तुको स्वरूप, मनोविज्ञान, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण परिस्थिति, समय र विद्यार्थी सङ्ख्या, क्षमता र रुचि जस्ता पक्षमा ध्यान दिनुपर्छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकले उत्प्रेरक, प्रवर्धक र खोजकर्ताको भूमिका खेल्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावित हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित हुन सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल र जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फूटन सहज हुने भकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्री र बालमैत्री विधि अपनाउनुपर्ने छ । क्रियाकलापमुखी सिकाइमा जोड दिई सिकाइका सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग सकिने केही विधि र प्रक्रिया तल प्रस्तुत गरिएको छ । यी विधिहरूलाई शिक्षकले विषयवस्तुको प्रकृतिअनुसार छनोट र प्रयोग गर्नुपर्छ ।

(क) **भूमिका विधि** : यस विधिमा स्थानीय सन्दर्भ र भूमिकाका बारेमा छलफल, भूमिकाबहन र निष्कर्ष निकाल्ने कार्य गरिन्छ । पाठ्यक्रमको सन्दर्भमा शिक्षकले स्थानीय परिवेशअनुसार आफैं वा विद्यार्थीहरूलाई भूमिका अभिनय गराउन सक्छन् । उदाहरणका लागि विभिन्न स्थानीय मेला, सांस्कृतिक गतिविधि, कला तथा अन्य क्रियाकलापमा भूमिका अभिनयको माध्यमबाट सिकाइ सहजीकरण गर्न सकिन्छ ।

(ख) **निर्माणात्मक कक्षा** : यस विधिमा विद्यार्थीको पाठसँग सम्बन्धित पूर्व ज्ञानको अवस्था पहिचान, वैयक्तिक शिक्षण सिकाइ, समूहमा काम गराउने, प्रश्नोत्तर, विचार आदानप्रदान आदि गराएर निष्कर्ष निकालिन्छ र आवश्यकतानुसार पृष्ठपोषण दिने गरिन्छ । कक्षाअनुसार यसको प्रयोगमा विविधता हुन सक्छ । माथिल्ला कक्षाहरूमा शिक्षकले विद्यार्थीको सिकाइ स्तरका आधारमा उनीहरूलाई थप सहयोग गर्ने रणनीय तय गर्न सक्छन् । स्थानीय परिवेशमा यसलाई स्थानीय स्तरमा भएका विभिन्न पेसा, प्रविधि, जातजाति समुदाय, सम्पदा, सामुदायिक समस्या, सामुदायिक सरसफाइ जस्ता विषयमा प्रयोग गर्न सकिन्छ ।

(ग) **प्रश्नोत्तर र छलफल** : यस विधिमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, उत्तरका लागि उकछिन पर्खिने, कुनै एक

विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, दिइएको उत्तरमा छलफल गराउने र निष्कर्ष निकाली कक्षामा सम्प्रेषण गर्न लगाउने कार्य गरिन्छ । यसका लागि शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थी प्रश्नोत्तर गर्न सकिन्छ । समस्याको समाधान गर्ने, समालोचनात्मक चिन्तन गर्ने जस्ता विशिष्ट प्रकारका सिप हासिल गराउन यो विधि प्रभावकारी हुन्छ ।

(घ) **समस्या समाधान विधि** : यस विधिमा स्थानीय विषयवस्तुअनुसार समस्याहरूलाई विद्यार्थी समक्ष प्रस्तुत गर्ने, त्यो समस्यालाई बुझाउने, समाधानका लागि योजना निर्माण गर्न लगाउने, योजना कार्यान्वयन गर्ने, समस्या समाधान भयो वा भएन र त्यसले समाधान हुन्छ वा हुँदैन भन्ने सन्दर्भमा मूल्याङ्कन गर्ने र त्यसको परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ । स्थानीय स्तरमा भएका विभिन्न सामाजिक समस्या तथा अन्य विषयवस्तुअनुसारका समस्याको समाधानमा विद्यार्थीलाई सहभागी गराउन सकिन्छ । समस्या समाधानका लागि कामहरू दिन सकिन्छ । समस्या समाधानका लागि समूह कार्य पनि गराउन सकिन्छ ।

(ङ) **प्रविधिको प्रयोग** : यसमा मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी स्थानीय स्थानलगायतका अन्य विषयको दृश्याङ्कन गर्न सकिन्छ । स्थानीय स्तरमा भएका विभिन्न स्थान, चाडपर्व, ऐतिहासिक स्थल आदिका बारेमा भिडियो तथा अन्य भिडियो सामग्री बनाउन सकिन्छ । स्थानीय बुद्धिजीवी, पेसाकर्मी, जेष्ठ नागरिक, समाजसेवीहरूका विचार र अनुभव रेकर्ड गर्न सकिन्छ र ती सामग्रीमार्फत सिकाइ सहजीकरण गर्न सकिन्छ । एकपटक तयार गरिएका यस्ता सामग्री पटक पटक प्रयोग गर्न सकिन्छ । स्थानीय स्तरका ज्ञान, सिपहरूलाई प्रविधिमार्फत विद्यार्थीलाई प्रस्तुत गरी उनीहरूको सिकाइलाई थप प्रभावकारी र रोचक बनाउन सकिन्छ ।

(च) **सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण गर्ने, रङ भर्ने, खेलौना बनाउने, स्थानीय विषयवस्तुअनुसारका अन्य सामाजिक नक्सा, प्राकृतिक नक्सा, समस्या वृक्ष बनाउने जस्ता कार्यहरूद्वारा सिकाइ सहजीकरण गर्न सकिन्छ । विषयवस्तुअनुसार विद्यार्थीलाई यस्ता काममा सहभागी गराउनाले स्थानीय विषयवस्तु बुझाउन सहज हुन्छ ।

(छ) **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा वा बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ सहजीकरण गर्न सकिन्छ । स्थानीय विषयवस्तुका कतिपय विषयहरू अन्य विषयक्षेत्रसँग पनि मिल्छन् र प्रयोगात्मक कार्यका लागि समुदायमै भ्रमण गराउने तथा स्थानीय पेसा व्यवसायका अभ्यासहरूमा विद्यार्थीलाई सहभागी गराउन सकिन्छ । क्षेत्र भ्रमण विधिलाई यसैसँग आवद्ध गराउन पनि सकिन्छ । सोबाट विद्यार्थीले विभन्न विषयको प्रत्यक्ष अनुभव गर्ने र प्रयोग गर्न सक्ने ज्ञान सिप हासिल गर्न सक्छन् ।

(ज) **स्वाध्ययन** : स्थानीय विषयवस्तुअनुसार विद्यार्थीले आफ्नै घरपरिवार, समुदाय तथा भौगोलिक क्षेत्रबाट र समयअनुसार विभिन्न पेसाव्यवसाय र मौसम, प्राकृतिक स्रोतका विषयमा आफैं पनि अध्ययन गर्न सक्छन् । साथै उनीहरूलाई आफैं अध्ययन गर्न सक्ने विषयक्षेत्र पहिचान गरी स्वअध्ययनमा उत्प्रेरित गर्ने र सापश्चात सिकाइको अवस्था पहिचान गरी शिक्षकले थप सहजीकरण गर्न सकिन्छ ।

(झ) **उदाहरणमार्फत शिक्षण** : स्थानीय विषयवस्तुको शिक्षणमा स्थानीय सामग्रीको निर्माण र प्रयोग, स्थानीय विषयवस्तुको उदाहरण, स्थानीय परिवेशका घटना र सन्दर्भहरूको प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । स्थानीय विषयवस्तुको शिक्षणमा स्थानीय सामग्रीको सङ्कलन गर्ने र ती सामग्रीहरूकै उदाहरण प्रस्तुत गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ ।

## १०.२ सिकाइ सहजीकरणका स्थानीय रणनीति

(क) स्थानीय पाठ्यक्रमको मुख्य विशेषता स्थानीय विज्ञताको प्रयोग पनि हो । यस सन्दर्भमा यस पाठ्यक्रमको कार्यान्वयका क्रममा स्थानीय स्तरमा भएका स्थानीय ज्ञान, सिपका विज्ञहरू पहिचान गरी उनीहरूलाई विद्यालयमा आमन्त्रण गरी विद्यार्थीसँग अन्तर्क्रिया गराएर सिकाउन सकिन्छ । स्थानीय क्षेत्रमा भएका विज्ञहरूको प्रयोगबाट गरिने शिक्षणले स्थानीय ज्ञान, सिपको हस्तान्तरणलाई प्रभावकारी बनाउँछ । स्थानीय पेसामा संलग्न पेसाविद्, स्वास्थ्यकर्मी, कृषिका विज्ञ तथा किसानहरूको प्रयोग सकिन्छ ।

(ख) बालबालिकालाई केही खास स्थान तथा ऐतिहासिक र पुरातात्विक स्थलहरूको प्रत्यक्ष रूपमा अवलोकन गराई शिक्षण सिकाइ गराउनुपर्छ । सम्बन्धित स्थानमा शैक्षिक भ्रमण लैजाने वा विद्यार्थीका विषयगत समूह विभाजन गराई विभिन्न समूहलाई विभिन्न स्थानको अवलोकन गर्न लगाई त्यसको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने क्रियाकलापबाट शिक्षण सिकाइ प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ । प्राकृतिक सम्पदा, तलतलैया, सांस्कृतिक सम्पदा आदि क्षेत्रको प्रत्यक्ष अवलोकन गराई शिक्षण सहजीकरण गर्नुपर्छ ।

(ग) विद्यार्थीको जाति, भाषा, संस्कृति तथा भौगोलिक क्षेत्रअनुसारका समूह बनाई उक्त विषयसँग सम्बन्धित पाठहरूमा उनीहरूलाई नै शिक्षण सिकाइ सहजकर्ताका रूपमा परिचालन गर्न सकिन्छ । कुनै खास समुदायका बालबालिकाले मनाउने चाडपर्व तथा अन्य सांस्कृतिक क्रियाकलापसँग सम्बन्धित विषयमा शिक्षकले सहजीकरण गरी विद्यार्थीलाई नै सिकाइ सहजकर्ताका रूपमा प्रयोग गर्न सकिन्छ ।

(घ) विभिन्न परियोजना कार्य गर्न लगाएर स्थानीय विषयवस्तुको शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यालयमा अध्यनन गर्न आउने विद्याथीका घरा भएका सामग्री, अभिभावकको पेसा, घरमा मनाउने विभिन्न चाडपर्व आदिका बारेमा प्रस्तुतीकरण गर्न सन्छन् । विभिन्न मौसमअनुसारका क्रियाकलाप, प्राकृतिक प्रकोपबाट बच्न अवलम्बन गर्ने उपायहरू, विभिन्न जडीबुटीको प्रयोग आदि क्षेत्रका ज्ञानका स्रोत विद्यार्थीका घर, परिवार हुने भएकाले यस्ता विषयमा उनीहरूलाई नै अनुभव बताउन लगाउनु प्रभावकारी हुन्छ ।

(ङ) स्थानीय स्तरमा भएका जेष्ठ नागरिक, राजनीतिकर्मी, पेसनकर्मी, अन्य शिक्षाकर्मी, समाजसेवी, मन्दिरका पूजारी, संस्कृतिविद्, साहित्यकार, कलाकार जस्ता विभिन्न व्यक्तिहरूलाई विद्यालयमा आमन्त्रण गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । स्थानीय विषयवस्तु अनुकूल हुने गरी उनीहरूका अनुभवहरू आदानप्रदान गरी शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

(च) स्थानीय स्तरमा उपलब्ध हुने तथा पाठअनुसार आवश्यक पर्ने शैक्षिक सामग्री स्थानीय स्तरमै खोजी गर्ने, विकास गर्ने र त्यसको प्रयोग गरी शिक्षण सिकाइ सञ्चालन गर्न सकिन्छ । यी सामग्रीको प्रयोग तथा संरक्षण गर्ने र निरन्तर रूपमा प्रयोग गर्ने क्रियाकलाप गर्नु आवश्यक छ ।

(छ) दुई वा दुईभन्दा बढी विद्यालयका शिक्षकहरूले आपसमा छलफल गरी सामूहिक पाठयोजना बनाउने, शैक्षिक सामग्री बनाउने, परियोजना कार्यको ढाँचा तयार गर्ने, मूल्याङ्कलका क्रियाकलाप तय गर्ने, शिक्षण सिकाइका नवीनतम् रणनीतिको प्रयोग गरी शिषण सिका सञ्चालन गर्नुपर्छ । यस्ता क्रियाकलापमा जोड दिने गरी सहकार्यात्मक क्रियाकलाप गरी शिक्षण क्रियाकलाप र विद्यार्थीको सिकाइलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

(ज) स्थानीय पाठ्यवस्तुको शिक्षण सिकाइमा शिक्षकले सहकार्य सिकाइलाई जोड दिनुपर्छ । विभिनन भाषा, धर्म, साहित्य, कला, पेसा, संस्कृतिसहितका विविध ज्ञान, सिप, क्षमता भएका विद्यार्थीहरू विद्यालयमा हुन्छन् । उनीहरूलाई एकआपसमा सहकार्यबाटै सिक्ने अवसर उपलब्ध गराउनुपर्छ । एकै खालको पर्व मनाउने, एकै खालको

पेसा भएका एकै जाति वा भाषा समुदायका विद्यार्थीहरूले एकआपसमा मिलेर सिक्न र सिकाउन सक्छन् ।

(झ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी सामाजिक अन्तर्क्रिया गराउने, सामाजिक सङ्घसंस्थामा पठाउने, विभिन्न स्थानीय सामाजिक, राजनीतिक व्यक्तिहरूलाई भेटेर अन्तर्क्रिया गर्न लगाउने, चाडपर्वहरूमा सोसँग सम्बन्धित परियोजना कार्य दिन सकिन्छ ।

## परिच्छेद ११ : विद्यार्थी मूल्याङ्कन (कक्षा ४ र ५)

विद्यालय शिक्षामा विद्यार्थीको मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक दुवै तरिकाहरू अवलम्बन गरिने छ । शिक्षण ाइका क्रममा विषयवस्तुको स्वरूप अनुसार सैद्धान्तिक र प्रयोगात्मक पक्षको मूल्याङ्कन गर्दै नियमित र निरन्तर मूल्याङ्कन ार्वजनिक परीक्षाका आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण, मूल्याङ्कन र प्रमाणीकरण गरिने छ । विशेषगरी ाभूत तहमा निर्णयात्मक मूल्याङ्कनभन्दा निर्माणात्मक मुल्याङ्कन बढी उपयोगी हुन्छ । विद्यार्थीहरूको सिकाइ स्तर सुधार भिभारा सबैभन्दा बढी निर्माणात्मक मूल्याङ्कनले बोकेको हुन्छ । जसको उद्देश्य विद्यार्थीलाई पटक-पटक सिक्ने अवसर गर्दछ । विद्यार्थीको कक्षाकार्य, सिकाइ क्रियाकलापमा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि , हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिको प्रयोग गर्दै महागढीमाई नगरपालिकाको स्थानीय पाठ्यक्रमले न गरेअनुसारको वार्षिक मूल्याङ्कन तरिका अवलम्बन गरिने छ ।

१. आधारभूत तह (कक्षा ४ र ५) मा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यसलाई अनुसरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकाले नियमित सहभागिता, हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख रहने छ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. आधारभूत तह कक्षा ४-५ मा ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।

## परिच्छेद १२ : पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठ्यक्रम संरचनामा आधारित भई निर्माण गरिएको महागढीमाई नगरपालिकाको स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नका निमित्त शिक्षक तथा विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी सम्बन्धित सरोकारवालाहरूसँग छलफलमा प्राप्त राय तथा सुझावसमेतलाई उपयुक्तताका आधारमा समावेश गरी तयार गरिने छ । नयाँ विषयवस्तु र सिकाइ प्रक्रियामा प्रभावकारी

हुने गरी शिक्षकको पेसागत विकास र छनोट गर्नु पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अति नै आवश्यक छ।

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुने छ। विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ। परियोजना कार्य, समूह कार्य, प्रतिवेदन लेखनका माध्यम अबलम्बन गरिने छ। समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहने छन्। विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यताअनुसार स्थानीय भाषा, बाजिका वा नेपाली भाषालाई माध्यम भाषा बनाउन सक्ने छन्। विषय क्षेत्रमा समेटिएका विषयवस्तु सङ्कलन गरी त्यसको विश्वसनियता तथा वैद्यता हुने गरी पठनपाठनमा प्रयोग गरिने छ। विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ। विद्यार्थीहरूलाई समूह कार्य, अन्तरक्रिया आदिमा अनिवार्य सहभागी गराई सिकारुकेन्द्रित विधिलाई जोड दिइने छ।

## परिच्छेद १३ : समय निर्धारण

आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम २०७५ ले मातृ भाषिक सिप/ स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलापका लागि प्रतिहप्ता ५ पाठ्यघण्टा निर्धारण गरेको छ भने वार्षिक कार्यघण्टा १६० रहेको छ। आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम २०७६ ले मातृभाषा/ स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलापका लागि प्रतिहप्ता ४ पाठ्यघण्टा निर्धारण गरेको छ भने वार्षिक कार्यघण्टा १२८ रहेको छ। आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम २०७६ ले मातृभाषा/ स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलापका लागि प्रतिहप्ता ४ पाठ्यघण्टा निर्धारण गरेको छ भने वार्षिक कार्यघण्टा १२८ रहेको छ। प्रत्येक घण्टी ६० मिनेट वा विद्यालयले तोकेबमोजिकको हुने छ। पाठ्यांशअनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ।

## परिच्छेद १४ : पाठ्यक्रम परिमार्जन

समय परिवर्तनशील छ। सो अनुसार सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि बढ्छन्। ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस्। यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न पनि परिमार्जन हुने छ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्दर्भहरूको खोज, अनुसन्धान र गहिरो अध्ययन गरिने छ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ।

### सन्दर्भ सूचीहरू

१. स्थानीय पाठ्यक्रम विकास तथा कार्यावयन मार्गदर्शन (२०७६) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

२. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

३. आधारभूत शिक्षा २०७७ (कक्षा ६-८) पाठ्यक्रम पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर।

४. आधारभूत शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ४ र ५) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर लेखक

५. लेटर ग्रेडिङ पद्धतिको कार्यान्वयनका सहयोगी पुस्तिका २०७९ . पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

६. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन माप दण्ड २०८० (कक्षा ४-८) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

७. पाठ्यक्रम विकास केन्द्र (२०६०) स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० सानोठिमी भक्तपुर ।

८. पौडेल, लेखनाथ (२०५३) : शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा; आठराई प्रकाशन, काठमाडौं ।

९. शर्मा, आर ए. डा. (१९४४),: पाठ्यक्रम विकास, लोयल बुक डिपो, मेरठ ।

१०. वाग्ले, मनप्रसाद डा. (२०५३), शिक्षाको आधार; विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

११. वाग्ले, मनप्रसाद डा. र अन्य (२०५३) बी.एड. दिग्दर्शन; आठराई प्रकाशन, काठमाडौं ।

१२. वाग्ले, मनप्रसाद डा. र ढकाल माधवप्रसाद (२०५३) : शिक्षाको शब्द सङ्ग्रह; विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

13. Lindeman Richard H. (1967), : Educational Measurement; Scott & Foresman & Company, Glenview, Illinois.

14. Neagley, Ross and Evans N. Dean (1967) : Handbook for Effective Curriculum Development; Prentice Hall Inc; England.

15. Popham W.J. (1981), : Modern Educational Measurement; Prentice Hall, Inc; Engleword Cliffs, N.J.

16. Ragan William B. Shepherd (1971), : Modern Elementary Curriculum; Holt, Rinehart and Winston Inc; New York.

## अनुसूचीहरू

**अनुसूची १ : मूल्याङ्कनको ढाँचा**

**१.१ कक्षा १ देखि ३ सम्म**

**विद्यार्थी सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेख**

कक्षा १ विद्यार्थीको नाम : ..............................

| विषयक्षेत्र | सिकाइ उपलब्धि | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उपलब्धि | मिति | उपलब्धि | मिति | |
| हाम्रो परिवार | (क) आफ्नो नाम र थरसहित परिचय दिन | | | | | |
| | (ख) टोल/विद्यालयका साथीहरूको नाम भन्न | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | (ग) आमा, बुबा र शिक्षकको नाम भन्न | | | | | | |
| | | (घ) परिवारका सदस्यको नाम र नातासम्बन्ध बताउन | | | | | | |
| | हाम्रो समुदाय | (क) आफ्नो गाउँ/टोलको नाम भन्न | | | | | | |
| | | (ख) छिमेकी गाउँका साथीको नाम भन्न | | | | | | |
| | | (ग) आफ्ना छिमेकी पहिचान गर्न | | | | | | |
| | | (घ) छिमेकीको परिचय दिन | | | | | | |
| | हाम्रो विद्यालय | (क) आफ्नो विद्यालयको नाम बताउन | | | | | | |
| | | (ख) विद्यालय रहेको ठाउँको नाम भन्न | | | | | | |
| | | (ग) आफूलाई पढाउने शिक्षकको नाम भन्न | | | | | | |
| | | (घ) पढ्नका लागि चाहिने सामग्रीको नाम भन्न | | | | | | |
| | | (ङ) विद्यालयमा आफूले गर्ने क्रियाकलाप बताउन | | | | | | |
| | हाम्रो संस्कृति | (क) आफूले मनाउने चाड पर्वको नाम भन्न | | | | | | |
| | | (ख) आफूले बोल्ने भाषामा आफ्नो परिचय दिन | | | | | | |
| | | (ग) आफूले लगाउने पोसाकको नाम भन्न | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (घ) चाडपर्वमा बनाइने खानेकुराको नाम भन्न | | | | | | |
| | (ङ) चित्र हेरेर ढोलक, हारमुनियम, खुरदक, तासा बाजा चिन्न | | | | | | |
| हाम्रा सम्पदा | (क) आफ्नो टोल/गाउमा भएका मन्दिर/मस्जिद पहिचान गरी नाम भन्न | | | | | | |
| | (ख) आफ्ना वरिपरिका बगैँचा पहिचान गरी फलफूलको नाम भन्न | | | | | | |
| | (ग) आफ्नो वरिपरि भएका पोखरी र नदीको नाम भन्न | | | | | | |
| स्थानीय सिप र प्रविधि | (क) स्थानीय सिपबाट बनेका आफ्ना घरका सामग्रीहरूको नाम भन्न | | | | | | |
| | (ख) आफ्ना घरमा फलामबाट बनेका सामानको नाम भन्न | | | | | | |
| | (ग) आफ्ना घरमा भएका माटाबाट बनेका सामानको नाम भन्न | | | | | | |
| आधुनिक प्रविधि र बजार | (क) आफ्नो घरमा पाइने आधुनिक प्रविधिको नाम भन्न | | | | | | |
| | (ख) स्थानीय हाटबजार वा पसलमा पाइने आधुनिक प्रविधिको नाम भन्न | | | | | | |
| हाम्रो बानी | (क) नुहाउन र लुगा धुन प्रयोग गरिने सामानको नाम भन्न | | | | | | |

महागढीमाई नगरपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | (ख) व्यक्तिगत सरसफाइ गर्न | | | | | | |
| | | (ग) आफ्ना असल बानी बताउन | | | | | | |
| | हाम्रा पेसा व्यवसाय | (क) घरका सदस्यहरूले गर्ने काम बताउन | | | | | | |
| | | (ख) चित्र हेरी पेसा र व्यवसाय पहिचान गर्न | | | | | | |
| | | (ग) काम (खेतीपाती, व्यापार) का आधारमा पेसा व्यवसाय बताउन | | | | | | |
| | हाम्रो नगरपालिका | (क) आफ्नो नगरपालिकाको नाम भन्न | | | | | | |
| | | (ख) आफू बसोबास गरेको गाउँको वडा नम्बर भन्न | | | | | | |
| | | (ग) आफ्नो वडाको वडा अध्यक्षको नाम भन्न | | | | | | |
| | | (घ) महागढीमाई नगरपालिकाको नक्सा पहिचान गर्न | | | | | | |
| | | (ङ) पालिकाको नक्सामा कागज वा अन्य घरेलु सामान टाँस्न | | | | | | |
| | स्थानीय खेल र योग | (क) आफूलाई मन पर्ने खेलको नाम भन्न | | | | | | |
| | | (ख) विद्यालयमा खेलिने खेलको नाम भन्न | | | | | | |
| | | (ग) आसपास, टीकामासा, जोर बिजोर, रुमाल लुकाइ आदि खेल्न | | | | | | |

महागढीमाई नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) खुट्टा वा हातको कसरत गर्न | | | | | |
| | (ङ) आँखा चिम्लिएर ध्यान गर्न | | | | | |

## विद्यार्थी सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेख

कक्षा २ विद्यार्थीको नाम : ..............................

| विषयक्षेत्र | सिकाइ उपलब्धि | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उपलब्धि | मिति | उपलब्धि | मिति | |
| हाम्रो परिवार | (क) आफ्नो नाम, थर र उमेरसहित परिचय दिन | | | | | |
| | (ख) टोल/विद्यालयका साथीहरूको नाम, थर, उमेर भन्न | | | | | |
| | (ग) परिवारका सदस्यको जेष्ठताअनुसारको नामको सूची तयार गर्न | | | | | |
| | (घ) परिवारका सदस्यको र आफन्तसँगको नातासम्बन्ध बताउन | | | | | |
| हाम्रो समुदाय | (क छिमेकीको परिचय दिन | | | | | |
| | (ख) गाउँमा गरिने सामूहिक कामहरू बताउन | | | | | |
| | (ग) छिमेकीको अवश्यकता र महत्व बताउन | | | | | |
| | (घ) छिमेकी र समुदायसँग सहयोग आदानप्रदान गर्न | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ङ) असल छिमेकीको परिचय भन्न | | | | | |
| हाम्रो विद्यालय | (क) आफ्नो गाउँ र छिमेकी गाउँमा रहेको विद्यालयको नाम भन्न | | | | | |
| | (ख) आफ्नो र छिमेकी विद्यालयको ठेगाना बताउन | | | | | |
| | (ग) आफ्नो विद्यालयमा पढाइ हुने तह/कक्षा बताउन | | | | | |
| | (घ) आफ्नो विद्यालयका प्रधानाध्यापक र कक्षा शिक्षकको नाम भन्न | | | | | |
| | (ङ) विद्यालयमा गरिने क्रियाकलाप समेटेर एक दिनको दैनिकी बताउन | | | | | |
| हाम्रो संस्कृति | (क) आफूले मनाउने चाडपर्वको सूची बनाउन | | | | | |
| | (ख) आफ्ना घरका सदस्यले लगाउने पोसाकको नाम भन्न | | | | | |
| | (ग) चाडपर्वमा तयार पारिने खानेकुराको नाम भन्न | | | | | |
| | (घ) छठ पर्वका बारेमा छोटो जानकारी दिन | | | | | |
| | (ङ) स्थानीय बाजाको नाम भन्न | | | | | |
| हाम्रा सम्पदा | (क) आफ्नो वडाभित्र भएका मन्दिर/ मस्जिदको नाम पहिचान गरी सामान्य | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | परिचय दिन | | | | | | |
| | | (ख) आफ्नो वडाभित्र भएका फूलबारी/ बगैँचा पहिचान गरी त्यहाँ भएका फलफूलका बाटका बारेमा बताउन | | | | | | |
| | | (ग) आफ्ना वडाभित्र रहेका पोखरी र नदीको सामान्य परिचय दिन | | | | | | |
| | स्थानीय सिप र प्रविधि | (क) आफ्नो घर र छिमेकमा प्रयोग गरिने स्थानीय सिपबाट बनेका सामानको नाम भन्न | | | | | | |
| | | (ख) फलामबाट बनेका सामानको नाम र प्रयोग बताउन | | | | | | |
| | | (ग) बाँसबाट बनाइएका सामानको सूची बनाउन | | | | | | |
| | | (घ) माटाबाट बनेका सामानको नाम र प्रयोग बताउन | | | | | | |
| | आधुनिक प्रविधि र बजार | (क) आफ्नो घरमा भएका आधुनिक प्रविधिको नाम र | | | | | | |
| | | काम बताउन<br>(ख) भान्सा र खेतीपातीमा प्रयोग गरिने आधुनिक प्रविधिको सूची तयार पार्न | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) मोबाइल, कम्प्युटर, ल्यापटप, आइप्याड, घडीका बारेमा सामान्य जानकारी दिन | | | | | | |
| हाम्रो बानी | (क) व्यक्तिगत सरसफाइ गर्न | | | | | | |
| | (ख) खानेकुरा खानुअघि सरसफाइमा ध्यान दिन | | | | | | |
| | (ग) आफूले प्रयोग गरेका सामान ठिक ठाउँमा राख्न | | | | | | |
| | (घ) आफूभन्दा ठुलालाई आदर गर्न | | | | | | |
| | (ङ) आफूभन्दा सानालाई माया गर्न | | | | | | |
| हाम्रा पेसा व्यवसाय | (क) आफ्ना परिवारका सदस्यको पेसा बताउन<br>(ख) छिमेकमा बस्ने मानिसहरूको पेसा बताउन<br>(ग) पोसाक (सेना, प्रहरी, नर्स, पाइलट, इन्जिनियर, वकिल, शिक्षक) का आधारमा पेसा व्यवसाय बताउन<br>(घ) पेसा व्यवसायबाट हुने फाइदा बताउन | | | | | | |
| हाम्रो नगरपालिका | (क) महागढीमाई नगरपालिकाको नक्सा चिन्न | | | | | | |
| | (ख) पालिकाको नक्सामा आफ्नो वडाको नक्सा पहिचान गर्न | | | | | | |

महागढीमाई नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ग) आफ्नो पालिकाको वडा सङ्ख्या बताउन | | | | | |
| | (घ) आफ्नो वडासँग सिमाना जोडिने वडा नम्बर बताउन | | | | | |
| | (ङ) आफ्ना वडाभित्र भएका मुख्य गाउँ/ टोलको नाम भन्न | | | | | |
| | (च) आफ्नो पालिकाको मेयर र उपमेयरको नाम भन्न | | | | | |
| स्थानीय खेल र योग | (क) घर र विद्यालयमा खेलिने खेलको नाम भन्न | | | | | |
| | (ख) स्थानीय खेल (कुस्ती, गुलीटार, धापधाप, चुङ्गी, चम्चा दौड, चकलेट दौड आदिमा सहभागी हुन | | | | | |
| | (ग) खेल खेल्दा हुने फाइदा बताउन | | | | | |
| | (घ) सूक्ष्म व्यायाम गर्न | | | | | |
| | (ङ) बस्ने, उत्तानो सुत्ने, घोप्टो सुत्ने, उभिने, नमस्कार गर्ने, पिटी गर्ने जस्ता सामान्य योगासनको अभ्यास गर्न | | | | | |

## विद्यार्थी सिकाइ उपलब्धी मूल्याङ्कन अभिलेख

कक्षा ३ विद्यार्थीको नाम : ..............................

| विषयक्षेत्र | सिकाइ उपलब्धि | नियमित पढाइपछिको | थप सहायतापछिको | कैफियत |
|---|---|---|---|---|

| | | मूल्याङ्कन | | मूल्याङ्कन | | |
|---|---|---|---|---|---|---|
| | | उपलब्धि | मिति | उपलब्धि | मिति | |
| हाम्रो परिवार | (क) आफ्नो सङ्क्षिप्त परिचय दिन | | | | | |
| | (ख) परिवारको सङ्क्षिप्त परिचय दिन | | | | | |
| | (ग) एकल र संयुक्त परिवार पहिचान गरी परिचय दिन | | | | | |
| | (घ) परिवारका सदस्यले गर्ने काम बताउन | | | | | |
| | (ङ) पारिवारिक एकता र विश्वासमा टेवा पुऱ्याउन | | | | | |
| | (च) परिवारको आवश्यकता र महत्व भन्न | | | | | |
| हाम्रो समुदाय | (क) समुदायको परिचय दिन | | | | | |
| | (ख) समुदायको काम र कर्तव्य बताउन | | | | | |
| | (ग) समुदायको सहयोगमा प्रहरी, अस्पताल, दमकल आदिको फोन नम्बर टिपी सुरक्षित राख्न | | | | | |
| | (घ) जातीय, भाषिक, सांस्कृतिक समुदाय पहिचान गर्न | | | | | |
| | (ङ) सामूहिक काममा सहभागी हुन | | | | | |
| हाम्रो विद्यालय | (क) आफ्नो विद्यालयको परिचय दिन | | | | | |
| | (ख) आफ्नो कक्षाको रुटिन | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तयार पार्न | | | | | | |
| | (ग) विद्यालयमा गरिने क्रियाकलाप बताउन | | | | | | |
| | (घ) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिन | | | | | | |
| | (ङ) शिक्षाको महत्व बताउन | | | | | | |
| | (च) विद्यालयले समुदायलाई गर्न सक्ने सहयोग सूचीकृत गर्न | | | | | | |
| हाम्रो संस्कृति | (क) स्थानीय चाडपर्वको नाम भन्न | | | | | | |
| | (ख) सांस्कृतिक पोसाकको नाम भन्न | | | | | | |
| | (ग) होली, तिलासङ्कान्ति, छठमा पकाइने परिकारको नाम भन्न | | | | | | |
| | (घ) होली पर्वको महत्व बताउन | | | | | | |
| | (ङ) ढोलक, हारमुनियम बाजाबारे सामान्य जानकारी दिन | | | | | | |
| हाम्रा सम्पदा | (क) आफ्नो नगरपालिकाभित्र भएका प्रमुख मन्दिर/ मस्जिदको परिचय दिन | | | | | | |
| | (ख) आफ्नो नगरपालिकाभित्रका फूलबारी, पोखरी, नदी, पार्कको परिचय दिन | | | | | | |

महागढीमाई नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ग) सांस्कृतिक सम्पदाको महत्व बताउन | | | | | |
| स्थानीय सिप र प्रविधि | (क) स्थानीय सिप र प्रविधिको सूची तयार पार्न | | | | | |
| | (ख) स्थानीय प्रविधि (हसुवा, खुर्सी, कोठी, घइला, छैटा, कोदाली) तयार पार्न चाहिने सामग्रीको नाम भन्न | | | | | |
| | (ग) घरेलु प्रविधि प्रयोग गर्ने तरिका बताउन | | | | | |
| | (घ) ढेकी, जाँता र कोदालीको उपयोगिता बताउन | | | | | |
| आधुनिक प्रविधि र बजार | (क) स्थानीय बजारमा पाइने आधुनिक प्रविधिको सूची तयार पार्न | | | | | |
| | (ख) आधुनिक प्रविधि ( भान्सा/खेतीपाती) प्रयोग गर्ने तरिका बताउन | | | | | |
| | (ग) मोबाइलका फाइदा र बेफाइदा भन्न | | | | | |
| हाम्रो बानी | (क) व्यक्तिगत सरसफाइको महत्व बताउन | | | | | |
| | (ख) सार्वजनिक ठाउँ ( विद्यालय, मन्दिर) सरसफाइ गर्न | | | | | |
| | (ग) आफ्ना रुचिका क्षेत्र बताई काममा सहभागी हुन | | | | | |
| | (घ) असल बानीको सूची तयार गर्न | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | (ङ) असल र खराब बानीबिच फरक बताउन | | | | | | |
| | हाम्रा पेसा व्यवसाय | (क) कृषि पेसाको परिचय र महत्व बताउन | | | | | | |
| | | (ख) व्यापार व्यवसायबाट हुने फाइदा बताउन | | | | | | |
| | | (ग) सिपमूलक पेसाको परिचय दिन | | | | | | |
| | | (घ) सेवामूलक पेसाको परिचय दिन | | | | | | |
| | | (ङ) महागढीमाई नगरपालिका भित्रका सिपमूलक र सेवामूलक पेसाको सूची तयार पार्न | | | | | | |
| | हाम्रो नगरपालिका | (क) महागढीमाई नगरपालिकाको नक्सा बनाउन | | | | | | |
| | | (ख) पालिकाभित्रका वडा सङ्ख्या र जनसङ्ख्या बताउन | | | | | | |
| | | (ग) आफ्नो नगरपालिकाको चार दिशा बताउन | | | | | | |
| | | (घ) प्रत्येक वडाको वडा कार्यालय रहेको ठाउँको नाम भन्न | | | | | | |
| | | (ङ) वडाबाट पाइने सेवा ( जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता) बताउन | | | | | | |

महागढीमाई नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय खेल र योग | (क) स्थानीय खेल (कबडी, पहलवानी, बाघबखरी, गिद्ध गुडकान, ठकरा) खेलमा सहभागी हुन | | | | | |
| | (ख) पञ्जा लडाइँ खेल खेल्न | | | | | |
| | (ग) पिटी, दौड आदिमा सहभागी हुन | | | | | |
| | (घ) खेलकुदको महत्व बताउन | | | | | |
| | (ङ) सूक्ष्म व्यायाम गर्न | | | | | |
| | (च) प्रणव ध्यान र अनुलोमविलोमको अभ्यास गर्न | | | | | |

## अनुसूची १.२ विशिष्टीकरण तालिका (कक्षा ४ र ५)

| एकाइ | कार्य घण्टा | बहुवैकल्पिक उत्तर पहिचान प्रश्न | | | एक वाक्यमा उत्तर आउने प्रश्न | | | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | एकाइअनुसार अङ्क विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग | उच्च दक्षता | |
| हाम्रो नगर परिचय | १० | १ | – | – | १ | – | – | – | – | – | १+२ =३ |
| स्थानीय सरकार र सामाजिक | १० | – | १ | १ | – | १ | – | – | – | – | १+१+२ =४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यक्तित्व | | | | | | | | | | | |
| हाम्रो संस्कृति | २० | १ | – | – | – | – | १ | १ | – | – | १+२+४ = ७ |
| हाम्रा सांस्कृतिक र प्राकृतिक सम्पदा | १० | – | – | १ | – | – | – | – | – | १ | १+४ =५ |
| कृषि, पशुपन्छी र माछापालन | २० | १ | १ | १ | १ | १ | – | – | – | – | १+१+१+ २+२=७ |
| स्थानीय र आधुनिक प्रविधि तथा बजार | २० | १ | – | – | – | १ | – | – | १ | – | १+ २+ ४= ७ |
| स्वास्थ्य, सरसफाइ र जडीबुटी | १४ | १ | – | १ | १ | – | – | – | – | – | १+१+ २=४ |
| खाद्य सुरक्षा, पोषण र पाककला | १२ | १ | – | – | – | १ | – | – | – | – | १+२ =३ |
| मातृभाषा, लोक कला र साहित्य | १२ | १ | – | १ | १ | – | – | – | – | – | १+१+२ =४ |
| खेलकुद, योग र नैतिक शिक्षा | १२ | १ | १ | – | – | १ | – | – | – | – | १+१+२ =४ |
| विपद् व्यवस्थापन र सामाजिक कुरीति | १० | – | १ | – | | १ | – | – | – | – | १+२ =३ |
| | १२८ | | | | | | | | | | ५० |

## आन्तरिक मूल्याङ्कनका क्षेत्र र अङ्कभार

महागढीमाई नगरपालिका

| क्र.स | मूल्याङ्कनका क्षेत्र | मूल्याङ्कनका क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | कक्षाकार्य | २ | ४ |
| | | गृहकार्य | २ | |
| २. | समूह कार्य | सहभागिता मात्र जनाएमा | २ | १० |
| | | सामूहिक रूपमा गरेमा | ४ | |
| | | सहकार्यका रूपमा सम्पन्न गरी निष्कर्ष निकालेमा | ४ | |
| ३. | प्रयोगात्मक कार्य | सहभागिता मात्र जनाएमा | २ | ६ |
| | | सहकार्यका रूपमा सम्पन्न गरेमा | २ | |
| | | नेतृत्व लिई सहकार्यका रूपमा सम्पन्न गरेमा | २ | |
| ४. | सिर्जनात्मक कार्य | सहभागिता मात्र जनाएमा | २ | १० |
| | | निर्देशनमा आधारित भएर सिर्जनात्मक कार्य गरेमा | ४ | |
| | | स्वतन्त्र रूपमा सिर्जनात्मक कार्य गरेमा | ४ | |
| ५. | स्थलगत भ्रमण/ परियोजना कार्य | सहभागिता मात्र जनाएमा | २ | १० |
| | | सन्दर्भअनुसार निष्कर्षको अभाव | ४ | |
| | | सन्दर्भअनुसार निष्कर्षात्मक प्रस्तुति | ४ | |
| ६. | त्रैमासिक परीक्षा | पहिलो त्रैमासिक परीक्षा | ५ | १० |
| | | दोस्रो त्रैमासिक परीक्षा | ५ | |
| | | | जम्मा | ५० |

## अनुसूची २.१ : सुझाव सङ्कलन फारम

| क्र.सं. | विषयक्षेत्र | कक्षा | पृष्ठ | हाल भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

महागढीमाई नगरपालिका

सुझाव दिने शिक्षक

नाम/थर : ............................ विद्यालयको छाप

हस्ताक्षर : ............................

विद्यालय : ............................


मिति : ............................

## कार्यशालामा सहभागी

अंगद पाण्डेय, राम बहादुर पण्डित, परमहर्ष यादव, विनोद प्रसाद यादव, रामनारायण प्रसाद यादव, केदार यादव, कालिकानन्द

ठाकुर, भोला प्रसाद कुशवाहा, वैद्यनाथ प्रसाद यादव, राजनारायण यादव, अल्का कुमारी कुशवाहा, के.एस. फिजिसन, प्रदोष सिंह, गङ्गा थापा, सुरेश कुमार सिंह, राम विश्वास प्रसाद चौरासिया, दिपेश कुमार चौरासिया, देवीदत्त पौडेल, मनोज यादव, कौशलकिशोर शाह, निशा पन्त

## कार्यशालाका तस्बिरहरू

















आज्ञाले,

नामः लक्ष्मण साह

प्रमुख प्रशासकीय अधिकृत

महागढीमाई नगरपालिका